Jana Aakash
National Weekly
www.janaakash.com

# जन आकाश

Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष- १७, अंक- ५ २०८१ साल भदौ ४ गते मंगलबार (Aug 20, 2024) www.janaakash.com.np

## नाडा अटो शो भदौ ११ गतेबाट

काठमाडौं- नाडा अटोमोवाईल्स एशोसिएशन अफ नेपालले १६औं अटो शो यहि भदौ ११ गते उद्धघाटन गर्ने भएको छ ।

उक्त कार्यत्रम अगस्ट २७ तारिक देखि सेप्टेम्बर १ सम्म काठमाडौंको भृकुटीमण्डप प्रदर्शनी स्थलमा आयोजना हुने नाडाका अध्यक्ष करण चौधरीले बताएका छन् ।

उक्त स्टलमा चार पाङग्रे, दुई पाङग्रे विभिन्न ब्रान्डका सवारी साधन तथा लोब्रिकेट, टायर, ब्याट्री, ग्यारेजको उपकरण लगायत आधुनिक नयाँ प्रविधिहरु समेत स्टलमा राखिने र नयाँ प्रविधि जान्नका लागि युवा पुस्तालाई आकर्षित गरिने उल्लेख छ ।

# द्वन्दको बिउ रोप्न खोज्दै देश विरोधी मतियारहरु

**मोहन कार्की**

नेपालमा २०६२ सालमा माओवादी राजनीतिक द्वन्द रुपान्तरण भई शान्ति स्थपना भएपछि नेपालीहरुले फेरेको आनन्दको सास् हत्तियार बेच्ने बिचौलिया र हत्तियार उत्पादन गर्ने कम्पनीलाई भने टाउको दुखाईको विषय भएको छ । किनकि नेपाललाई जतिसक्दो उप्रदो मच्चाउने र अस्थिरतामा अल्झाएर नेपाललाई हरेक क्षेत्रमा कमजोर बनाएर हत्तियार बेच्ने बजार विस्तार गर्ने अर्कोतिर नेपालको अस्तित्व सकाउने खेल खेल्न थालेको जस्तो देखिने गरी पछिल्ला गतिविधि भएका छन् ।

कतै श्रीलंका कतै बगलादेशको हबला दिदै गफ गरेर कोही त कुनैले अभियान्ताको रुपमा भीड जम्मा गर्ने गरेका देखिन्छन् । जुन भीड जम्मा गर्ने समूहको न कुनै उद्देश्य प्रष्ट हुन्छ । न माग नै त्यस्तै कुराहरुलाई एक खालका सामाजिक सञ्जालले फैलाई राखेको देखिन्छ ।

नेपाल देश पृथ्वि रहेसम्म अलप नहुने चन्द्र-सुर्य रक्तिम राष्ट्रिय झण्डा मुनि गोलबद्ध नेपालीहरु एकढिक्का थिय । त्यो चटान बनेर बसेको नेपाली एकता भत्काउन र नेपालको स्वतन्त्र कमजोर बनाउन र नेपालले केही गर्नै सक्दैन भन्ने भ्रम पार्न २००४ सालमा नेपाली काँग्रेस, २००६ सालमा नेपाल कम्युनिष्ट पार्टी भारतमा स्थापना गरी नेपाली बीचमा झगडा गराउन शुरु गरिएको योजना २०५२ सालको माओवादी जनयुद्ध गराई २०६२ सालमा आएर केही शान्ति स्थापना भएपनि कतिपय ठाउँमा जातिय द्वन्द, हुदाहुदा धार्मिक रुपमा समेत त्यसका बाछिटाहरु यतिवेला देखिदै आएका छन् । यस्ता राजनीतिक नाम दिएका हुन् वा जातिय अधिकार वा धार्मिक, कुनै अभियान्त जे जे नाम दिएपनि देशमा यस्ता नामवाट नेपाली बीचमा ल्याउने विवादले सिंगो नेपालको हित गर्दैन भने मानव जगतको झनै गर्दैन ।

तर त्यस्तै कामहरु नेपालमा बढ्दै गएको देखिन्छ । कुनै अभियान्तको रुपमा कुनै राजनीतिक रुपमा कुनै भाषाको भेषमा कुनै जातिय भेषमा नेपाली नेपाली बीचमा वैमन्यस्यता बढेको देखिन्छ ।

नक्कलको पराकाष्ट

कुनैवेला भारतको बनारसमा पढ्न गएकाहरुले अग्रेज विरुद्ध भारत छोडो अभियान देखेका र चीनको आसपासमा रहेकाहरुले नेपालमा पनि तिनै भारतमा भएको अग्रेज विरोधी भारत छोडो आन्दोलन र चीनमा आएको माओवादी जनयुद्धको नक्कल नेपालका अर्घ ज्ञान भएकाहरुले गरेका थिए । ति आन्दोलनहरु नेपालको बलबुतावाट होइन कि तिनै छिमेकी राष्ट्रहरुको बुई चढेर गरिएको घाम जतिकै छर्लङ छ । चाहे त्यो पञ्चायत फाल्न गणेशमान सिंहको च्याक्सीबारी ठमेलमा भारतीय आएर गरेको भाषण होस् वा विराटनगरमा आएर भारतीय नेताहरुले गरेको भाषण र नेपाललाई भारतले गरेको नाकाबन्दी नै किन नहोस् । ति गतिविधिहरुले प्रष्ट देखाएको छ कि नेपालको राजनीतिक पार्टीका महत्वपूर्ण व्यक्तिहरु क्यारिमका गोटीजस्ता प्रयोग हुने गरेका छन् । त्यो कुरा स्वर्गीय बिपी कोइरालाले २०३३ सालमा निर्वासनवाट नेपालमा मेलमिलापको नीति लिएर आएको कुराले पनि पुष्टि गरिसेको छ ।

बिपीको स्वर्गरोहन पछि तिनै नेपाली काँग्रेस, एमाले सर्मथित पार्टीका भातृ संगठनहरुले अप्रदो मच्चाउने देशका उद्योग कलकारखान तोडफोड गर्ने चलन चलिरहेकै बेला अझै धेरै नेपाललाई चरम रुपमा घसाउन माओावादी जनयुद्ध थपेको थियो । जसमा हजारौ हजार मानिसले अनाहकमा ज्यान गुमाउन पुगेका छन् । धन जनको क्षति देशले आजसम्म पुर्ति गर्न सकेको छैन । त्यही माआवादी जनयुद्ध पछि तराई सप्रदायिक हिंसा फैलाउन भुमिका निर्वाह गरेर जनअधिकार फोरम नामको संगठनले गौरमा २७ जनालाई एकैदिन एकैछिनमा भालाले रोपेर हत्या गरे त्यसवेला पाहाड तराई बीचको एकतालाई खलबलाएको थियो । जसको नेतृत्व उपेन्द्र यादवले गरेका थिए तिनै व्यक्ति पछि पटक पटक मन्त्री भए ।

यस्तै अहिले पनि नेपाललाई श्रीलंका र बगलादेशको उदारण दिएर केही त्यस्ता तत्वहरुले अराजकता मच्चाउन कोशिस गरिरहेको देखिन्छ । यस्ता कोशिस गर्नु भनेको नेपाललाई अस्थिरतामा लैजानु हो । यस्ता कुनै उद्देश्य, लक्ष्य नभएका अराजक भिडले देशलाई थप नोक्शान मात्र पुऱ्याउछ । विमति, समस्या छन भने शान्तिपुर्ण ढंगवाट जनताले एकैपटक बल गरेर बिकल्प सहितको क्रान्ति गर्न सकिन्छ । तर अनियन्त्रित भीड जो बगलादेशमा भयो जहा श्रीलंकामा भयो त्यस्तो भिडले गर्ने अनियन्त्रित काम नेपाली हामीहरुले गर्नुहुदैन । परिवर्तन नेपालीहरुलाई चहिएको छ । तर विगतका जस्ता भारतको मोडल हेरेर नक्कल गरेर चीनको मोडल हेरेर नक्कल गरेर श्रीलंकाका जनताले जे गरे, बगलादेशका जनताले जे गरे हामीले त्यही गर्नुपर्छ भन्ने होइन हाम्रो नेपालको भूगोल, अवस्था परिवेश सुहाउदो आफ्नै बलबुतामा देश निर्माण गर्ने संकल्प सहितको व्यवस्थित ढंगवाट परिवर्तन गर्न आवश्यक छ । तर अराजक भीडले जताततै जे मन लाग्यो त्यो माग राखेर गर्ने अस्थिरता निम्त्याउने खेल मात्र हुन सक्छ । सावधान हुन सक्दैन । द्वान्द्ध नै द्वान्द्धले थलिएको देश झनै पछि पर्न सक्छ ।

त्यसैले अहिले युवा पुस्ताहरुले संगठित हुने देश विकासको लागि योजनाहरु बनाउने एक अर्कामा जोडिने सदभावहरु कायम गर्ने, मिलेर काम सिक्ने, सिकेका ज्ञानहरु अरुलाई सिकाउने, सामुहिताको विकास गर्ने जस्ता महत्वपूर्ण काम गरेर त्यही अनुभवलाई देशैभरी विस्तार गर्ने र त्यसैलाईं राष्ट्रिय शक्तिको रुपमा विकास गरेर देशको नेतृत्व लिने काम अहिलेका युवा पुस्ताको टटकारो आवश्यकता हो । कुनै अमुक व्यक्तिको पछि लागेर व्यक्ति विशेष देश बनाउन सकिदैन । सामुहिकता नै ठूलो बल हुन्छ । त्यसकारण अस्थिरतामा देशलाइ लान हुदैन ।

विकसीत राष्ट्रहरुले कहिल्यै यस्ता अराजक नचहिने लहडको सिको गरेका देखिदैन । उनिहरुले गलत भएको ठाउँमा सामुहिक रुपमा व्यवस्थित आन्दोलन माग राखेर सरकारलाई समेत तह लगाउने गरी शान्तिपुर्ण आन्दोलन गरेको देखिन्छ । अहिलेका युवापुस्ताहरुले विदेशका सिक्नैपर्ने छन् भने असल तरिकाहरु सिक्नुपर्छ ।

## जनआकाशको १७औं वार्षिकोत्सव सम्पन्न

काठमडौं- 'सत्य तथ्य र प्रभावकारी समाचार' सम्प्रेषित गर्दै आएको जनआकाश साप्ताहिकले आफ्नो १७औं बार्षिकोत्सव भव्यताका साथ सम्पन्न गरेको छ । प्रतिनिधि सभाको उपसभामुख इन्दिरा रानामगरले दियो प्रज्वलन गरी १७औं वार्षिकोत्सवको उद्घाटन गरेकी हुन् ।

जनआकाश मिडिया प्रा. लि. को आयोजनामा मुक्तिनाथ विकास वैंक,एनएमबी बैंक, कामना सेवा विकास बैंक लि. तथा सिप्रदी ट्रेडिङको म्याक लुब्रिकेन्टको प्रायोजन तथा अखवार नेपाल एवं सैलुङ अनलाइन मिडियाको संयोजनमा विहिबार नेपाल प्रज्ञा प्रतिष्ठान कमलादीस्थित लेखनाथ सदनको प्रेक्षालयमा एक विशेष समारोहको आयोजनामा उपसभामुख इन्दिरा रानामगरको प्रमुख आतिथ्यता तथा जनआकाश मिडियाका अध्यक्ष मोहन कार्कीको अध्यक्षतामा बिशेष अथितिहरुमा नेपाल व्यवसायी रास्ट्रिय महासघका अध्यक्ष कुमार कार्की, नेपाल पत्रकार महासघका केन्द्रीय सदस्य शन्तराम विडारी,पर्यटन बिज्ञ खुम बहादुर सुवेदी, वरिष्ठ साहित्यकार तथा पुर्व साहायक रथी तेजप्रकाश बानियाँ, वरिष्ठ पत्रकार चेतनाथ धमला रहेका थिए ।



अतिथिहरुमा साहित्यकार डा. गोविन्द बहादुर कार्की, रामेछाप काठमाडौ पत्रकार समाजका पुर्व अध्यक्ष तथा नयाँ पत्रीका दैनिकका पत्रकार प्रेम गौतम, रामेछाप निवासी समाजवेसी सिव श्रेष्ठ, वरिष्ठ साहित्यकार गंगा लिगल, साहित्यकार तथा सुसेलि फाउन्डेसनका अध्यक्ष दुर्गा अधिकारी, नेपाल पत्रकार महासघ काठमाडौ शाखाका अध्यक्ष सुर्य सुवेदी रहेका थिए ।

सोही अवसरमा रास्ट्र र समाजलाइ योगदान पुऱ्उने व्यक्तित्वहरुलाई सम्मान पत्रले सम्मानित गरिएको थियो । सामाज र नागरिकहरुलाई सेवा गरेको उच्च मुल्याङकन गर्दै प्रशंसापत्रले किही कम्पनीहरुलाई सम्मानित गरेको थियो ।

ज न आ का श

» बाकी ६ पृष्ठमा

## थामेको बाढीमा हराएका व्यक्ति सकुसल




काठमाडौं- सोलुखुम्बुको थामेमा बाढी आउँदा बेपत्ता भएका भनिएका व्यक्ति आफ्नै घरमा सकुशल फेला परेको जानकारी स्थानीयले प्रहरीलाई गराएका छन् ।

गत शुक्रबार हिमपोखरी फुटेर बाढी आउँदा थामे गाउँका ५५ वर्षीय निमानुरु शेर्पा सम्पर्कविहीन भएका थिए । तर उनी थामे भन्दा माथिल्लो क्षेत्रमा रहेको उनको आफ्नै घरमा रहेको जानकारी स्थानीयले प्रहरीलाई दिएका छन् ।

जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुका डिएसपी द्वारिका घिमिरेले भने, 'हराएको भनिएको व्यक्ति भेटिनु भएको छ भनेर गाउँलेले हाम्रो स्थानीय प्रहरीलाई जानकारी दिएका छन् ।'

'थामेभन्दा माथि पनि उहाँको आफ्नो घर रहेछ, उहाँ त्यही घरमा सकुशल हुनुहुन्छ रे,' डिएसपी घिमिरेले भने, 'उहाँको घर रहेको स्थानमा प्रहरी भने पुग्न सकेको छैन, टेलिफोन सम्पर्क पनि कहिलेकाहिँमात्र हुन्छ ।'



जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- ५, २०८१ साल भदौ ४ गते मंगलबार (Aug 20, 2024)

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय – – – –

### जोखिमयुक्त ठाउँमा घर नबनाऔ

हालसालै सोलुखुम्बु जिल्लाको खुम्बु पाशाङल्हामु गाउँपालिका वाड नं. ५ थामेमा आएको हिम पैरोले धेरै घरहरु बगाएको छ । त्यो भूगोल हेर्दा खोलाको नजिकै रहेको फाँटमा भएका घरहरुलाई बगाएको देखिन्छ । त्यस घटनावाट पाठ सिकेर जोखिमयुक्त ठाउँहरुमा सकभर घर नबनाउने घरहरु, वस्तीहरु बनाउदा खोलाभन्दा टाढा भीरको मुनी वा माथि जोखिमयुक्त हुने ठाउँहरुमा नबनाउने अर्को कुरा बस्ती बनाउदा वा घर बनाउदा त्यो ठाउँ बाढी, पैरो जोखिम होकी होइन सबै अध्ययन गरेर मात्र घरहरु बनाउनु पर्ने देखिन्छ ।

नेपालमा वेला वेलामा बाढी, पैरोले मानिसको घर बगाएको, मानिसहरु बगाएको, चौपायाहरु बगाएको समाचार आउने गर्दछ । यस्ता घटनाहरु देशका बिभिन्न ठाउँमा घटिरहेका छन् । यस्ता घटनाहरु आउदा दिनमा घटना नदिन वेलैमा सम्बन्धित निकायहरुले दिर्घकालीन योजना बनाएर काम गर्नुपर्छ भने स्थानीय पनि स्वयम सचेत हुनुपर्छ ।

घटना घटिसकेर पछि पछुताउनु भन्दा समयमा नै होशियारी अपनाउनु बुद्धिमानी हुन्छ । विश्वमा भईरहेको वातावरणीय प्रतिकुलको असर नेपालमा पनि परेको छ । २०७१ सालको सिन्धुपाल्चोकमा आएको बाढी, पैरो २०७२ सालको महामारी भुकम्प, त्यसै गरी तराईका क्षेत्रमा बेला बेलामा बाढी पसेर डुबान हुने समस्या नेपालीहरुले भोग्नु परेका निक्कै दुख:दायी घटना हुन् ।

पाहाडी क्षेत्रमा वर्षायाममा खहरे खोलाहरु उर्लिदा कतिपय मानिसलाई खहरेले बगाएका घटना पनि बेला बखतमा हुने गरेका छन् । यि घटनाहरुबाट हामी नेपालीहरुले सुरक्षा पहिलो हो भनेर आम मानिसको सुरक्षा नीति बनाउनुपर्छ ।

त्यो भनेको व्यवस्थित वस्तीको अवधारणा बनाई नेपालको बसोबासलाई सुरक्षित सुविधायुक्त बनाउन ढिलो नगरीकन आजैवाट कार्यन्वयनमा लैजानुपर्छ ।

कहिलेकाही हुने यस्ता घटना छेउछाउमा बाढी र पैरोको कुरा एक तमासले गर्ने तर अन्य समयमा केही पनि नगरी बस्ने चलन नेपालका सम्बन्धित निकायको छ । भने अर्कोतर्फ घटना भएको छेउछाउमा आम नागरिकले पनि जोखिमयुक्त क्षेत्रमा घर बनाउन नहुने रहेछ भनेर गफ चै गर्ने तर केही समयपछि बिंसेर फेरी उहि पुरानै तरिकाले पुरानै आफ्नो जग्गा जाहा रोड छेउछाउ छ । जाहा सजिलो लाग्छ त्यही बनाउने पछि के हुन्छ भनेर नसोच्ने जस्ता कामहरु हुदै आएकाछन् । त्यसैले सवै क्षेत्रवाट तदारुकता देखाई आउदा दिनमा यस्ता बाढी, पैरोवाट कुनैपनि मानवीय तथा धन जनको क्षति भएको सुन्न नपर्ने गरी काम गर्नु सम्बन्धित निकायको दाईत्व हो । त्यो काम सम्बन्धित निकायले गरोस् ।

# भ्रष्टाचार निवारण ऐनको दफा ८(३) र पााचबर्से हदम्याद



बालकृष्ण मैनाली

भ्रष्टाचाररुपी रोगले विश्वका प्रत्येक राष्ट्रलाई गाँजेको कुरामा विमति छैन, मात्र प्रतिशतको तल-माथि मात्र हो । कुन-कुन देशको भ्रष्टाचारको प्रतिशत कति-कति छ भन्ने कुरा वार्षिकरुपमा निस्कने र निकालिने गरेका भ्रष्टाचारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिवेदनहरुले बोल्ने गरेका छन् । हाम्रो देशको सम्बन्धमा चाहिँ प्रत्येक वर्ष निस्कने यस्ता प्रतिवेदनले नेपाललाई भ्रष्टाचाररुपी रोगले डरलाग्दो किसिमले गाँजिरहेको कुरालाई नै इंगित गरिएको हुन्थ्यो र पछिल्लो प्रतिवेदनले पनि यही कुरालाई इंगित गरेको छ ।

धक र लाज नमानी भन्नुपर्दा हाम्रो देशमा भ्रष्टाचाररुपी रोगलाई निको हुन नदिन भ्रष्टाचारका जननीहरुले भ्रष्टाचारको भार मार्फत नै भ्रष्टाचारको भित्तोलाई ढलान गरी निर्माण गरिदिएका छन् । त्यसरी ढलान गरिएको भ्रष्टाचारको भित्तोलाई बेलाबेलामा मर्मत तथा रंगरोगन गर्ने गरेको पाइन्छ । भ्रष्टाचारको भित्तोलाई फोर्न जेनतेन औजारले काम गर्दै गर्दैन । त्यसलाई फोर्न सशक्त औजारको आवश्यकता पर्दछ । मुखले जो प्रधानमन्त्री भए तापनि भ्रष्टाचारमा शून्य सहनशीलता भन्ने बोलीरुपी औजारले मात्र त्यो भ्रष्टाचारको भित्तो ढल्दै ढल्दैन । भ्रष्टाचारको भित्तो त्यत्तिकै बलियो भएको हुँदै होइन । त्यो भित्तोलाई पैसा, आफन्त, राजनीतिक बेइमानी र अदूरदर्शिता, सबैलाई मिसाएर ढलान गरिएको कारणले बलियो भएको हो । यस किसिमको समिश्रणमार्फत ढलान भई बलियो र मजबुतसाथ उभिएको भ्रष्टाचारको भित्तो सितिमिति सामान्य औजार चलाउँदैमा ढलिहाल्छ भन्ने कुराको जनजनले अहिले परिकल्पना गरिहालेका छैनन् । भ्रष्टाचारको भित्तो यति बलियो छ कि झन्डै नौ वर्षअगाडि गएको शक्तिशाली भूकम्पले पनि हल्लाउन त परै जाओस् उल्टै भूकम्पको कारण भित्रिएका विविध सेवा-सुविधामार्फत भ्रष्टाचारको भित्तोले थप रंगरोगन र सुसज्जित हुने सौभाग्य प्राप्त गर्न पुग्यो ।

भ्रष्टाचारको भारलाई अझ सशक्तीकरण गर्नको निमित्त भ्रष्टाचारको कसुरमा मुद्दा चलाउने हदम्याद ५ वर्ष मात्रै राख्ने प्रस्ताव गरी कानुनको निर्माण हुन लागेको कुराले खबरबजार गर्माएको छ । यदि खबरबजारमा गर्माएको यो खबर सत्य हो भने सरकारको थप नालायकीपनलाई उजागर गर्न पुगेको छ । भ्रष्टाचारको मुद्दा चलाउने हदम्यादसम्बन्धी कुरालाई सरकारमा सहभागी भएका गठबन्धनले नै विरोध गरिरहेका छन् । विरोध त गरिहेका छन् तर ध्वनि बहुमतको नामबाट विधयेक पारित भएको नाटक मञ्चन हुन पुग्यो भने आश्चर्य नमाने हुन्छ भन्छन् जनजनहरु । यस्ता-यस्ता कानुन ल्याउने सवालमा कसले दिन्छ यस्तो सल्लाह सरोकारवालाहरुलाई ? कि कतै अर्को कुनै षड्यन्त्र वा गोप्य परिघटनाको तयारी त हुँदै छैन ? र, जनजनको मथिंगल भुट्न मात्र यो विषयको पासा फलिएको हो कि भन्ने संशय पनि देखा परेको बताउँछन् केही जनहरु । यस मानेमा जनता ज्यादै चनाखो भएर बस्नुपर्ने अवस्था एकातिर सिर्जना भएको छ भने सँगसँगै अर्कोतिर आवश्यक पर्नासाथ सडकमा उत्रेर छदमभेषी भ्रष्टाचारीहरुलाई कानुनको कठघरामा घिसारी लान तयार भएर बस्नुपर्ने अवस्थाको पनि सन्देश प्रवाह भएको छ भन्छन् जानकारहरु ।

रोग लाग्नु विशेषता हो । यदि रोगै नलाग्ने भए रोग भन्ने शब्दको उत्पत्ति नै हुने थिएन । रोग विविध कारणले लाग्छ । रोगका लक्षण थरीथरीका हुन्छन् र रोग यसलाई मात्र लाग्छ भन्ने छैन । बेलैमा विचार पुऱ्याउन सकिएन भने रोगले शरीरदेखि लिएर राष्ट्रलाई समेत च्याप्छ । रोगले च्यापेको शुरुवाती अवस्थामै उपचार गरेर रोगको जडलाई निर्मूल पार्न सक्यो र निर्मूल पारेको तिथिमितिदेखि उक्त रोग लाग्न नदिन सरसफाइ, व्यायामलगायत दिन, महिना वा वर्ष बिराएर औषधि नै प्रयोग गर्नुपर्ने भए पनि प्रयोग गरेर तन्दुरुस्त राख्न सक्यो भने उक्त रोगले फेरि हत्तपत्त आक्रमण गर्दैन । आक्रमण गरिहाले पनि सामान्य औषधिमूलोले रोगलाई निर्मूल पार्न सकिन्छ ।

देशमा जो प्रधानमन्त्री भए पनि भ्रष्टाचारमा शून्य सहनशीलता भन्ने नारा प्रधानमन्त्री भएकै दिन भनिटोपल्ने बानीले प्रत्येक दलबाट हुने प्रधानमन्त्रीलाई गाँजेकै छ तर व्यवहारमा त्यो कुराले कहिल्यै मूर्तरुप लिन सकेन । यदि लिएको हुन्थ्यो भने त्यो भ्रष्टाचारीलाई कार्यवाही गर्ने सवालमा हदम्यादसम्बन्धी विधयेक पेस गर्ने भन्ने त कुरा त परै जाओस्, भ्रष्टाचारजस्तो कसुरमा पाँचबर्से हदम्याद लगाउने कुराको उच्चारण पनि हुँदैनथ्यो । हो, कहिलेकाहीँ प्रधानमन्त्रीले बोल्ने गरेका कुरा अर्थात् भ्रष्टाचारमा शून्य सहनशीलता भन्ने नारालाई सार्थक रुप दिन अख्तियार तात्न थालेको हो कि, विशेष अदालत पनि तात्न थालेको हो कि भन्ने भान यदाकदा जनजनलाई पर्ने गरेको छ । कहिलेकाहीँ ढिलै भए पनि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मजबुतरुपमा ठडिएर रहिरहेको भ्रष्टाचारको भित्तोलाई कोतर्ने प्रयास पनि यदाकदा गर्ने गरेको छ । तथापि उक्त सशक्त भित्तोलाई अख्तियारले कहिलेकाहीँ कोतर्ने प्रयास गर्नासाथ देशमा कोकोहोलो शुरु भइहाल्छ र पछि यो वा त्यो नाउँमा सेलाउँदै गएको बग्रेल्ती उदाहरणहरु भेटिन्छन् ।

वास्तवमा देशलाई समृद्धिमा लाने हो भने भ्रष्टाचारको भारले ढलान भएको भित्तोलाई कुनै पनि प्रकारले ढाल्नै पर्दछ । त्यसलाई ढाल्न सामान्य इन्जिनियरको पहुँचले मात्रै सम्भव छँदै छैन । पैसा, आफन्त, राजनीतिक बेइमानी र अदूरदर्शिताको मिश्रणबाट ढलान गरिएको त्यो भित्तो त्यत्तिकै ढल्दै ढल्दैन । त्यो भित्तो ढाल्न प्रत्येक सरोकारवालाहरुको इमानदारिता भयो भने मात्र सम्भव हुन्छ, अन्यथा सामान्य इन्जिनियरको प्रयास, प्रयास मात्र हुनेछ र त्यसले सार्थकता प्राप्त गर्न गाह्रो हुनेछ । आफू र आफन्त जोगाउनका निमित्त अख्तियारको क्षेत्राधिकारीलाई कटौती गर्ने खालको कानुनको निर्माण, अनि मन्त्रिपरिषद्का जे-जस्ता निर्णयहरु पनि नीतिगत निर्णयको परिभाषाभित्र पारिँदै जाने र त्यस्ता निर्णयहरु अख्तियारले छानबिन गर्न नपाउने भन्नु भ्रष्टाचारको भित्तोलाई अझ सशक्त र मजबुत बनाउनु हो । अब त हुँदा-हुँदा पाँचबर्से हदम्यादको पनि प्रयोग देखा पर्न आयो, किन ? सरोकारवालाहरु त्यसको उत्तर दिन चाहँदैनन् ।

विश्वका अन्य देशजस्तै हाम्रो देश पनि सदियौंदेखि अवस्थाअनुसार विधिको शासनद्वारा शासित हुन जनजनले मञ्जुर गर्दै आएको कुरामा विमति राख्दैन । अनि विधिद्वारा नै शासन गर्न शासकहरु पनि मञ्जुर भएकोले आजको दिनसम्म लिखित, अलिखित दुवै प्रकारका विधिद्वारा हामी जनजन शासित हुँदै आएका छौं । धेरै अगाडि नगईकन चित्रण गर्ने हो भने पनि राणाकालीन व्यवस्थादेखि लिएर वर्तमानसम्मको इतिहासलाई नियाल्दा पनि यही कुराले प्रतिनिधित्व गरिरहेको छ।

जंगबहादुरका पालामा जन्मिएको मुलुकी ऐन, पद्मशमशेरको पालामा उब्जिएको अन्तरिम विधान २००७ देखि लिएर नेपालको संविधान २०७२ सम्मले यसै कुरालाई प्रमाणित गर्दछ । तर विडम्बना के भैदिन पुग्यो भने, शासन गर्न अभिरुचि राख्ने शासकहरुले जनजनको प्रत्येक आस्थालाई भजाउँदै विधि र संविधानमार्फत सत्ता सञ्चालन गर्ने कुराको बेलाबेलामा कसम खाने कामचाहिँ सत्तामा नपुगुन्जेलसम्म मात्र हुन पुग्यो । जनजनलाई भ्रममा पार्ने कामका लागि विधिको शासन भन्दै फलाक्ने काम मात्र भयो । आजको दिनसम्म आइपुग्दा शासकहरुले आफ्नो स्वार्थअनुरुप प्रत्येक जनलाई लतार्न र झुक्याउन सफल भए । आ-आफ्ना स्वार्थका लागि मात्र विभिन्न खाले कानुन र संविधानहरु निर्माण गरी संविधानमा उल्लिखित धाराहरुलाई हतियार बनाई आफ्नो दुनो सोझ्याउने काममा मात्र लागिपऱ्यो । देशमा लागू गरिएको पछिल्लो २०७२ को संविधानलाई पनि अहिलेसम्म शासकहरुले आफ्नो स्वार्थमा मात्र सीमित गरी दुरुपयोग गरिरहे ।

भ्रष्टाचारको भारलाई अझ सशक्तीकरण गर्नको निमित्त भ्रष्टाचारको कसुरमा मुद्दा चलाउने हदम्याद ५ वर्ष मात्रै राख्ने प्रस्ताव गरी कानुनको निर्माण हुन लागेको कुराले खबरबजार गर्माएको छ । यदि खबरबजारमा गर्माएको यो खबर सत्य हो भने सरकारको थप नालायकीपनलाई उजागर गर्न पुगेको छ । भ्रष्टाचारको मुद्दा चलाउने हदम्यादसम्बन्धी कुरालाई सरकारमा सहभागी भएका गठबन्धनले नै विरोध गरिरहेका छन् ।

संवैधानिक मर्मअनुसार यदाकदा त्यस्तै उस्तै देशलाई ज्यादै अप्ठ्यारो आइपरेको समयमा अप्ठ्यारो फुकाउनको निमित्त र शासकले दुर्मति राखेर विधि र संविधानलाई मिच्दै जथाभावी शासन सत्ता सञ्चालन गर्न खोजे त्यसलाई अंकुश लगाउन फरक-फरक निकायहरुलाई शक्तिको सन्तुलन कायम गर्ने उद्देश्यबाट अभिप्रेरित भएर केही विशिष्ट अधिकारहरु राज्यका विभिन्न अंगहरुलाई प्रदान गरिने गरिन्छ । हाम्रो देशको पुरानोदेखि लिएर वर्तमान संविधानसम्मले कम्तीमा पनि यस कुरालाई अंगिकार गरी अवस्थाअनुसार राज्यका विभिन्न तीन महत्वपूर्ण निकायहरु कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाहरुलाई आ-आफनो सीमाभित्र रही संवैधानिक धारारुपी अधिकारहरु प्रयोग गर्न सक्ने व्यवस्था गरेको थियो र छ ।

संविधानमा देखिएका यी महत्वपूर्ण धारारुपी हतियारहरु भनेका सरकारलाई अध्यादेशको संवैधानिक हतियार न्यायपालिकालाई आदेश र परमादेशलगायत अन्य अवस्थाअनुसारको निर्णय गर्न पाउने संवैधानिक धारारुपी हतियार अनि व्यवस्थापिकालाई महाभियोग र अविश्वासको प्रस्ताव लिने, लगाउने फिर्ता लिने संसद्मा जनकल्याणको आवश्यक पर्ने विधयेक पेस गर्न पाउने आदि नाम दिएको संवैधानिक धारारुपी हतियारहरु हुन् । विडम्बना नै मान्नुपर्छ, प्रत्येक संवैधानिक धारारुपी हतियार हरुको सदुपयोगभन्दा दुरुपयोग नै बढी हुन पुग्यो । भ्रष्टाचारीहरुलाई जोगाउन पाँचबर्से हदम्यादको खाका बहसमा ल्याइएको यसको पछिल्लो उदाहरण हो। भ्रष्टाचार निवारण ऐन २०५९ संशोधितसहितको ऐनको दफा ८ मा गैरकानुनी लाभ वा हानि पुऱ्याउने बदनियतले काम गर्नेलाई सजाय भन्दै कुनै राष्ट्रसेवकले आफू वा अरु कुनै व्यक्तिलाई गैरकानुनी लाभ पुऱ्याउने वा नेपाल सरकार वा सार्वजनिक संस्थालाई गैरकानुनी हानि पुऱ्याउने बदनियतले देहायको कुनै काम गरेमा कसुरको मात्राअनुसार तीन महिनादेखि तीन वर्षसम्म कैद र बिगो खुलेकोमा बिगोबमोजिम जरिबाना गरी बिगो असुलउपर गराइनेछ र तीन महिनादेखि तीन वर्षसम्म कैद र १० हजारदेखि ५० हजारसम्म जरिबाना हुनेछ भन्दै, त्यसैको खण्ड (ज) मा कुनै राष्ट्रसेवकले आफू वा अरु कुनै व्यक्तिलाई गैरकानुनी लाभ पुऱ्याउने वा नेपाल सरकार वा सार्वजनिक संस्थालाई गैरकानुनी हानि पुऱ्याउने बदनियतले देहायको कुनै काम गरेमा कसुरको मात्राअनुसार तीन महिनादेखि तीन वर्षसम्म कैद र बिगो खुलेकोमा बिगोबमोजिम जरिबाना गरी बिगो असुलउपर गराइनेछ र तीन महिनादेखि तीन वर्षसम्म कैद र १० हजारदेखि ५० हजारसम्म जरिबाना हुनेछ भन्दै, त्यसैको उपदफा (३) ले कुनै राष्ट्रसेवकले उपदफा (१) र (२) मा लेखिएदेखिबाहेक अन्य कुनै काम गरी सरकारी वा सार्वजनिक सम्पत्ति बदनियतपूर्वक कुनै किसिमले हानि नोक्सानी गरे वा गराएमा कसुरको मात्राअनुसार २ वर्षसम्म कैद वा बिगोबमोजिम जरिबाना वा दुवै हुने व्यवस्था गरेको छ। यस अर्थमा पनि प्रस्तावित पाँचबर्से हदम्याद ल्याउनु भनेको कालान्तरमा आफ्नो लागि आफैंले खाडल खन्नुसरह हुनेछ, समयमै चेतना पलाएमा ।

(लेखक मैनाली अधिवक्ता हुनुहुन्छ ।)

# आठ बर्ष बिदेश बसाइपछि सागीतिक क्षेत्रमा यसरी फर्किए आरके गैरे



काठमाडौं । बिगत आठ बर्षदेखि दुबैमा रोजगारीको कर्म थलो बनाउदै आएका आर के गैरे यति बेला गीत संगीतलाई निरन्तरता दिदैछन् गीत संगीतमा सानैदेखि रुची भएका तर घर परिवारको ठुलो जिम्मेवारीले गर्दा बिदेशी भुमिमा काम गर्न बाध्य भएका आरके गैरे यतिबेला बिदेशी भुमिलाई त्यागेर नेपालमै रोधी घरमा काम गदै सागीतिक क्षेत्रमा पाइला टेक्दैछन् । लामो समय बिदेश बस्दा आफुले भोगेका अनुभहरु जन आकाश मिडियासँग यसरी सुनाउँछन् ।

आठ बषदेखि अरबको खाडिमा जिवन बिताउदै आएका आरके गैरे विदेशी भुमिमा अनेकौ चुनौतिहरुको सामना गर्नु परेको, विदेशमा गाडी दुर्घटना भएर ,अनुहार भरी चोटै चोट बोकेर जिवन र मृत्युको मुखबाट बचेर नेपाल आएको बताउँछन्।

गीत संगीत क्षेत्रमा सानैदेखि रुचि भएका आरके गैरे बालपनमा रेडियोमा नेपाली लोक भाकाहरु धेरै सुन्ने र आफुलाई पनि गायक बन्न मन लाग्ने, एकान्तामा बसेर आफ्ना मनका भावनामा डुबेर गीत,कबिता चुड्किला लेख्ने बताउछन् ।

समय परिस्थितिले गीत संगीतमा पछाडी परेका आरके गैरे अब गीत संगीत क्षेत्रमा केही गर्ने जोस, जागर र उमंग रहेको र केही गीतहरु बजारमा छिटै निकाल्ने तयारी भएको जन आकाश मिडियाले निर्माण गरेको संगीत खबर कार्यकममा बताउछन् ।

## चाँगुनारायणको महादेव पोखरीमा दर्शनार्थीको घुइँचो

भक्तपुर- चाँगुनारायण नगरपालिका-६ नगरकोटस्थित महादेव पोखरी कुण्ड अर्थात् रत्नचुडेश्वर महादेव मन्दिरमा बिहानैदेखि नै दर्शनार्थीको घुइँचो लागेको छ ।

रसुवाको गोसाइँकुण्ड जान नसक्ने भक्तजनले महादेव पोखरीको नामले चिनिने रत्नचुडेश्वर महादेव मन्दिर र कुण्डमा मेला भर्न रातिदेखि नै भक्तजनको घुइँचो लागेको हो। मन्दिरमा मध्यरातिदेखि नै दर्शनार्थीको आगमन भएको र बिहानसम्ममा दर्शनार्थीको घुइँचो लागेको चाँगुनारायण-६ का वडाध्यक्ष धनबहादुर लामाले जानकारी दिनुभयो ।

हरेक वर्ष जनैपूर्णिमामा लाग्ने मेला भर्न यहाँ काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रे, नाल्दुम, देउपुर, बनेपा, पनौतीदेखिका दर्शनार्थी एवं भक्तजन आउने जानकारी दिँदै उनले मेलाका लागि आवश्यक तयारी र व्यवस्थापन आइतबार नै सम्पन्न गरी दर्शनार्थीलाई सहज रूपमा स्नान एवं दर्शन गर्ने व्यवस्था गरिएको उनले जानकारी दिए ।

गोसाइँकुण्डको पानी महादेव पोखरीमा आउने जनविश्वासका कारण गोसाइँकुण्ड नजानेहरू यहाँ आउने पुरानो कथन रहेको बताउँदै उनले भक्तजनले महादेव कुण्डमा स्नान गरी विभिन्न जातजातिका मानिसले आ-आफ्नो परम्पराअनुसार पूजाअर्चना गर्ने, झाँकीलगायत विभिन्न नाच प्रस्तुत गरेर मेला भर्ने गरेका छन् ।



विभिन्न ठाउँबाट आएका भक्तजन पूर्णिमाको अघिल्लो रात जाग्राम बस्ने परम्परा रहेको छ । जाग्राम बसेर बत्ती बाल्ने भक्तजन हिजो साँझदेखि मन्दिरमा आएर रातभर जाग्राम बसेर बिहानै कुण्डमा स्नान गरी महादेवको पूजा एवं दर्शन गरेपछि रक्षाबन्धन बाँध्ने र जनै फर्ने कार्य गरेका छन् ।

वडाध्यक्ष लामाले यस वर्ष ५० हजारभन्दा बढी भक्तजनले महादेव पोखरीमा दर्शन गर्ने अनुमान गर्दै सोहीअनुसारको व्यवस्थापन गरिएको बताए ।

महादेव पोखरी संरक्षण समाज एवं नगरकोट नाल्दुम पर्यटन विकास समितिका अध्यक्ष नवीन गुरुङले मेलाका लागि आउने दर्शनार्थीको सवारीसाधन व्यवस्थापनका लागि ट्राफिक प्रहरी, सुरक्षा व्यवस्थापनका लागि नेपाल प्रहरी, नगरप्रहरी तथा अन्य व्यवस्थापनका लागि स्थानीय सङ्घसंस्थाले सहयोग गर्ने गरेको बताए ।

रत्नचुडेश्वर मन्दिर प्राङ्गणमा गत साउन ६ गतेदेखि श्रावणी महिनाको अवसर पारेर अति रुद्रीसहित शिव सहस्र नाम पूजन महोत्सव आयोजना भइरहेको र भदौ ४ गतेसम्म उक्त पूजन हुने महायज्ञका गुरु दीपक सापकोटाले जानकारी दिए ।

## भूकम्प पीडितको अस्थायी टहरामा पहिरो, एकै परिवारका ३ जनाको मृत्यु



सुर्खेत- जाजरकोटको नलगाड नगरपालिका-२ डाँडागाउँमा भूकम्प पीडितको अस्थायी टहरोमा पहिरो खस्दा एकै परिवारका तीन जनाको मृत्यु भएको छ ।पहिरोमा पुरिएर नलगाड-२ का ४२ वर्षीय लालबहादुर परियार, उनकी श्रीमती ३५ वर्षीया मनिसा विक र उनीहरुका दुई वर्षीय छोरा शुभम परियारको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय जाजरकोटका प्रवक्ता दिनेश तिमिल्सिनाले जानकारी दिए ।

उनका अनुसार अस्थायी टहरोमा पहिरो खसेको जानकारी प्रहरीले आज बिहान ७:५० बजे पाएको थियो । त्यसपछि इन्सपेक्टर माधव प्रसाद चौधरी नेतृत्वको प्रहरी टोली घटनास्थल प्रस्थान गरेको थियो । प्रहरी टोली बिहान नौ बजे घटनास्थल पुगेर शव बाहिर निकालेको थियो ।

नलगाड नगरपालिकाका प्रमुख डम्बर रावतका अनुसार उनीहरु भूकम्प पीडित हुन् । स्थायी आवास नबनेकाले उनीहरु अस्थायी टहरोमा बस्दै आएका थिए । घटनास्थल नलगाड नगरपालिकाको प्रशासकीय केन्द्र दल्ली नजिक पर्दछ ।

बझाङमा पनि पहिरोमा पुरिएर एकै परिवारका ४ जनाको मृत्यु भएको छ । राति आएको पहिरोमा परेर बुंगल नगरपालिका-१० को टुमेडाका एकै परिवारका ४ जनाको मृत्यु भएको हो ।

पहिरोमा परेर मृत्यु भएका चारैजनाको शव निकालिएको सुदूरपश्चिमका प्रमुख प्रहरी नायब महानिरीक्षक (डीआईजी) रवीन्द्र केसीले जानकारी दिएका छन्। उनकाअनुसार पहिरोमा पुरिएर मृत भेटिनेमा ५५ वर्षीय काली धामी, २५ वर्षीय गोल्की धामी, ६ वर्षीया आकृति धामी र ३ वर्षीया लक्ष्मी धामी छन् ।

# रामेछाप डायरी

## रामेछापको सालुमा नगद सहित मोबाईल चोरी गर्ने ३ जना पक्राउ



रामेछापको सालुबाट नगद सहित मोबाईल चोरी गर्ने ३ जनालाई प्रहरीले पक्राउ गरेको छ । यहि साउन ३१ गते मन्थली नगरपालिका ४ सालु सामलस्थानका सोम बहादुर खत्रीको घरबाट ओप्पो कम्पनीको मोबाईल र केही नगद चोरी भएको थियो ।

खत्रीले नगद सहित मोबाईल चारी भएको जानकारी प्रहरी चौकी सालुमा गराउनुभयो । उजुरी प्राप्त हुनसाथ प्रहरी चौकी सालुले अनुसन्धान गर्ने क्रममा चोरीमा संलग्न ३ जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सर्लाहीको ब्रम्हापुरी नगरपालिका वडा नं ६ का अन्दाजी वर्ष ४० की कुसुम कुमारी,सोही ठाउँकी वर्ष १९ की सुनिता कुमारी र भारत बिहार घर भएका वर्ष ३२ को तपेश्वर महतो रहेका छन ।

पक्राउ परेकाहरुलाई डाँका चोरी मुद्धामा जिल्ला अदालत रामेछापबाट म्याद थप गरि अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रामेछापमा प्रहरी निरीक्षक एवं सूचना अधिकारी कौशल न्यौपानेले जानकारी दिनुभयो ।

## रामेछापमा बाँदर लगायत जङ्गली जनावरको आतङ्क,किसानलाई सास्ती

रामेछापका धेरै ठाउँमा जङ्गली जनावरका कारण किसानले सास्ती ब्यहोर्नु परिरहेको छ । खासगरी बाँदर,बँदेल,दुम्सी लगायत विभिन्न जङ्गली जनावरले बालीनाली सखाप पारिदिनाले किसानले बर्सेनि करोडौं रुपैयाँको नोक्सानी ब्यहोर्नुपरिरहेको हो ।

जिल्लाको लिखु तामाकोशी गाउँपालिका ४ मा पनि जङ्गली जनावरले बालीनाली सखाप बनाउने गरेको छ । बाँदर,मृग र दुम्सीले बालिनाली नै नष्ट गर्ने गरेको श्रीराज महतले बताउनुभयो ।

जिल्लाकै रामेछाप नगरपालिकाको पनि धेरै ठाउँहरुमा बाँदरले बालिनाली नष्ट गर्ने गरेको छ । आग्री गाउँका बिमला बस्नेतले बाँदरले धेरै दुख दिएको बत(ाउनुभयो । परिवारको एक जना सदस्य त दिनभरी खेतबारीमै बस्नुपर्ने अवस्था रहेको उहाँले सुनाउनुभयो ।



रामेछापमा बाँदरलगायत जङ्गली जनावरले बाली पाक्नु अगाडी नै नष्ट पारेर किसानलाई हैरान पारेका छन् । रामेछा्पका सबैजसो क्षेत्रका किसानलाई बाँदर, बँदेललगायत जङ्गली जनावरबाट मकै बाली कसरी जोगाउने भन्ने चिन्ता छ ।

किसानलाई दिनभर बाँदरले हैरान पार्छ भने राति बँदेल र दुम्सीले दुख दिने गरेका छन् । जङ्गली जनावरले बर्सेनि बालीनाली सखाप पारिहे पनि स्थानीय सरकारबाट क्षतिपूर्ति नपाएको किसानको गुनासो छ ।

## हत्या आरोपमा रामेछाप दोरम्बा शैलुङका युवक पक्राउ



शिक्षा क्षेत्र सुधारको लागी रामेछाप नगरपालिकाले दस वर्षे शैक्षिक योजना निर्माण गर्दै

रामेछापको रामेछाप नगरपालिकाले शिक्षा क्षेत्र सुधारको लागी दस वर्षे शैक्षिक योजना निर्माण गर्ने भएको छ । नगरपालिकाले शिक्षालाई सर्वसुलभ, पहुँचयोग्य एवं गुणस्तरीय बनाउनका लागि योजना निर्माण गर्न लागेको नगरपालिकाका प्रमुख लबश्री न्यौपानेले बताउनुभयो ।

विगतको अवस्था, वर्तमानको यथार्थ र भविष्यको सपना बोध हुने गरी योजना निर्माण हुने उहाँले बताउनुभयो । नगरपालिकाले बनाउन लागेको योजनामा ज्ञान, सीप अनुभवलाई आत्मसात् गर्दै वर्तमानमा भविष्यको आशाका लागि काम गर्न सघाउने उद्देश्य राखिएको नगर प्रमुख न्यौपानेले बताउनुभयो ।

नगरपालिकाले बुधबार नगर शिक्षा योजना निर्माणको लागी प्रारम्भिक कार्यशाला तथा सुझाव संकलन कार्यक्रम गरेको छ । विभिन्न राजनितीक दलका प्रमुख एवं प्रतिनिधी,पत्रकार,विद्यालयका प्रधानाध्यापक,शिक्षक,विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सहितका सरोकारवालाहरुसँग सुझाव संकलन गरिएको हो । सरोकारवालाहरुबाट आएको सुझावलाई प्राथमिकतामा राखेर योजना निर्माण हुने नगरपालिकाले जनाएको छ ।

आगामी दस वर्षको अवधिमा नगरपालिकाको शिक्षा विकासका लागि मार्गचित्र तय गर्न मिश्रित अवधारणामा केन्द्रित रही योजना तयार पारिने नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मित्र प्रसाद घिमिरेले बताउनुभयो ।

दस वर्षे शैक्षिक योजना निर्माण पश्चात नगरको शैक्षिक अवस्थामा सुधार आउने नगरपालिकाले विश्वास लिएको छ । नगरपालिकामा हालसम्म सामुदायिक ५४, संस्थागत २ सहित ५६ वटा विद्यालय संचालनमा रहेका छन । नगरपालिकामा साक्षरता दर ६८.४ प्रतिशत रहेको छ ।

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- ५, २०८१ साल भदौ ४ गते मंगलबार (Aug 20, 2024)

कर्पोरेट

# मिदास हेल्थ सर्भिसेजसँगको प्रयासमा भक्तपुर क्यान्सर अस्पतालको नयाँ हस्पिटल

काठमाडौं- मिदाससँगको सहकार्यमा भक्तपुर क्यान्सर अस्पतालले भर्खरै आफ्नो नयाँ हस्पिटल मोबाइल एप सञ्चालनमा ल्याएको छ ।

यो एप मार्फत बिरामीहरूले भक्तपुर क्यान्सर अस्पतालका सेवाहरू लिन सजिलै र सहज रूपमा अनलाइन अपोइन्टमेन्ट बुकिङ गर्न सक्छन् ।

यस एपमा नेपाल सरकार स्वास्थ्य बिमा बोर्डले उपलब्ध गराएको स्वास्थ्य बिमा भएका प्रयोगकर्ताहरूले निःशुल्क अस्पतालको टिकट बुक गर्नका लागि आफ्नो बिमा जानकारी प्रविष्ट गरी प्रमाणीकरण गर्न सक्ने व्यवस्था पनि छ।

मिदास हेल्थ सर्भिसेजले विभिन्न अस्पतालका ओपिडी सेवाका लागि डाइनामिक क्युआर भुक्तानीको विकास पनि गरेको छ । साथसाथै बिरामीहरूलाई उनीहरूको घरबाटै आरामले अनलाइन मेडिकल अपोइन्टमेन्टहरू लिन सहज बनाएर अस्पतालहरूका सेवाहरूलाई निकै सहज बनाएको छ ।

यसले अस्पतालहरूसम्म पुगेर लामो लाइनमा बस्नु पर्ने झन्झट कम गराएको छ भने भिडभाड कम हुँदा अस्पतालको सेवालाई गुणस्तरीय पनि बनाउन सहयोग पुगेको छ ।

मिदासले विकास गरेको हस्पिटल एप मार्फत बिरामीहरूले ओपिडी टिकटहरू बुकिङ र किन्ने सँगसँगै घरबाटै आरामले मेडिकल अपोइन्टमेन्टहरू लिने तथा प्रयोगशाला रिपोर्टहरू प्राप्त गर्न सकिने व्यवस्था पनि छ ।

सरकारी स्वास्थ्य बिमा कभरेज भएका व्यक्तिहरूलाई निःशुल्क टिकट बुक गर्ने सुविधा र अस्पतालको सेवालाई थप पहुँचयोग्य र सुलभ बनाएको छ ।

# नेपाल टेलिकम हुम्लाको सदरमुकाम सिमकोटमा एफटीटीएच (फाइबर टु द होम) उपलब्ध



काठमाडौं- नेपाल टेलिकमले हुम्लाको सदरमुकाम सिमकोटमा एफटीटीएच (फाइबर टु द होम) प्रविधिमार्फत एनटी फाइबर सेवा उपलब्ध गराएको छ ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा आयोजित एक कार्यक्रममा सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङले भर्चुअल रुपमा सो सेवाको शुभारम्भ गरे। यससँगै नेपाल टेलिकमको एनटी फाइबर नेपालका सबै जिल्लामा पुगेको छ ।

सो अवसरमा मन्त्री गुरुङले डिजिटल नेपाल बनाउने अभियानमा सरकार लागेको र नेपालका सबै स्थानीय निकायका कार्यालय सम्म दूरसञ्चार सेवा पुऱ्याउने कार्यका लागि नेपाल टेलिकमले महत्वपूर्ण भूमिका खेल्ने बताए । सरकारको एक महत्वपूर्ण कदमको रुपमा देशका ७७ वटै जिल्लामा फाइबर सेवा पुगेको र यसबाट आगामी दिनमा अझै महत्वपूर्ण उपलब्धि हासिल हुने अपेक्षा बताए । यो महत्वपूर्ण उपलब्धिका लागि मन्त्री गुरुङले नेपाल टेलिकमलाई धन्यवाद प्रदान गरे ।

नेपाल टेलिकम सञ्चालक समितिका अध्यक्ष एवम् सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव राधिका अर्यालले कम्पनी र सरकारका लागि यो महत्वपूर्ण दिन भएको बताउँदै सेवा उपलब्ध गराउने कार्यमा सहयोग पुऱ्याउनु हुने जनप्रतिनिधि र कर्मचारी सबैलाई धन्यवाद प्रदान गरे । आगामी दिनमा समेत सेवालाई अझै प्रभावकारी बनाउनका लागि उहाँले सबैको सहयोगको अपेक्षा गरे ।

नेपाल टेलिकमका प्रबन्ध निर्देशक संगीता पहाडी (अर्याल) ले पहिले कपर प्रविधिबाट इन्टरनेट सेवा उपलब्ध भइरहेकोमा अब अन्य जिल्लामा जस्तै हुम्ला जिल्लामा पनि फाइबरबाट इन्टरनेट सेवा उपलब्ध हुने र सेवामा पनि स्तरोन्नति हुने बताए । कर्णालीका विकट जिल्लाहरुमा समेत नेपाल टेलिकमले आफ्नो स्रोत, साधन र सम्भाव्यताका आधारमा सेवा विस्तार गरिरहेको र यस्ता स्थानमा सोलारबाट समेत सेवा सञ्चालन गरेको बताए । आगामी दिनमा सडक र विद्युतको पहुँचसँगै सेवाको गुणस्तरमा समेत स्तरोन्नति हुने बताए ।

सो अवसरमा नेपाल टेलिकमका प्रबन्धक मिलन श्रेष्ठ, कर्णाली प्रदेश प्रादेशिक निर्देशनालयका निर्देशक उमेश प्रसाद साह र दू.सं.का. सुर्खेतका कार्यालय प्रमुख बरिष्ठ इन्जिनियर सुष्मा गौतमले हुम्ला र समग्र कर्णाली प्रदेशमा नेपाल टेलिकमको सेवा वारेमा जानकारी प्रदान रेका थिए ।

कार्यक्रममा हुम्लाबाट प्रतिनिधित्व गर्ने प्रतिनिधि सभा सदस्य छिरिङ डम्डुल लामा र अन्य जनप्रतिनिधिहरुका साथै मन्त्रालय र नेपाल टेलिकमका उच्च पदस्थ अधिकृतहरुको समेत सहभागिता रहेको थियो ।

हाल हुम्लामा उपलब्ध गराइएको एनटी फाइबर सेवामार्फत साविकमा उपलब्ध हुँदै आएको एडीएसएल सेवाको तुलनामा थप गुणस्तरीय सेवा उपलब्ध हुनेछ । आगामी दिनमा बढी क्षमताको इन्टरनेट, टेलिफोन र टेलिभिजन सुविधा उपलब्ध हुनेछ ।

यससँगै देशका ७७ वटै जिल्लामा एफटीटीएच प्रविधिमार्फत एनटी फाइबर सेवा उपलब्ध भएको छ । देशको दूरसञ्चार विकासमा यो एक महत्वपूर्ण कदम हो ।









बैंक वित्त

# ग्लोबल आइएमई बैंकको प्रमुख कार्यकारी अधिकृतमा सुरेन्द्रराज रेग्मी



काठमाडौं- ग्लोबल आइएमई बैंक लिमिटेडका नव नियुक्त प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मीले आइतबारदेखि पदभार ग्रहण गरेकाछन् ।

पदभार ग्रहणअघि प्रमुख कार्यकारी अधिकृत रेग्मीले बैंकको संचालक समितिका अध्यक्ष चन्द्रप्रसाद ढकालबाट पद तथा गोपनियताको शपथ ग्रहण गरेका थिए । नवनियुक्त प्रमुख कार्यकारी अधिकृत रेग्मीको बैंकिङ्ग क्षेत्रमा तीन दशकभन्दा लामो अनुभव रहेको छ । राष्ट्रिय वाणिज्य बैंकबाट बैंकिङ्ग करिअर सुरुगरेका रेग्मी २०६५ बैशाखमा नायव प्रबन्धक तहबाट ग्लोबल आइएमई बैंकमा प्रवेश गरेका थिए ।

ग्लोबल आइएमई बैंकमा कर्जा व्यवस्थापन, जोखिम तथा नियन्त्रण, बैंकिङ्ग अपरेसन, जोखिम व्यवस्थापन, अनुपालन, शाखा सञ्चालन, सामान्य प्रशासन, मर्जर व्यवस्थापन लगायत समग्र बैंकिङ्गको सुपरिवेक्षण तहमा काम गरिसकेका रेग्मी एक अब्बल बैंकरका रुपमा परिचित छन् । उनीसंग बैंकिङ्ग क्षेत्रको करिब ३५ वर्षको अनुभव रहेको छ ।

नवनियुक्त रेग्मीले त्रिभुवन विश्व विद्यालयबाट अर्थशास्त्रमा स्नातकोत्तर तथा वेलायतको युनिभर्सिटि अफ वेल्सबाट एमबीए गरेकाछन् शपथ कार्यक्रममा बोल्दै ग्लोबल आइएमई बैंकका अध्यक्ष ढकालले लामो समय बैंकिङ्ग क्षेत्रमा रही काम गरेका रेग्मीको कार्यकालमा बैंक थप सबल र सुदृढ हुने विश्वास व्यक्त गरे ।

नयाँ प्रमुख कार्यकारी अधिकृत रेग्मीको नेतृत्वमा बैंकको सेवालाई समयसापेक्ष बनाउँदै आम सेवाग्राहीलाई सहज र सुरक्षित बैंकिङ्ग प्रदान हुने बताए ।

“रेग्मी ग्लोबल आइएमई बैंकको सुरुदेखि नै बैंकमा छन् । लामो समय बैंकिङ्ग क्षेत्रमा रहेका उहाँ एक अनुभवी बैंकर हो । उहाँले यस ग्लोबल आइएमई बैंकको प्रमुख कार्यकारी अधिकृतको रुपमा काम गर्दा नियामकीय निर्देशनहरुको अधिनमा रही यस बैंकका सेवाग्राहीलाई उत्कृष्ट सेवा प्रदान गर्ने र शेयरहोण्डर हरुलाई यथोचित प्रतिफल प्रदान गर्ने मलाई विश्वास छ,” ढकालले भने ।

पदभार ग्रहण गर्दै रेग्मीले मुलुककै सबैभन्दा ठूलो र प्रतिष्ठित बैंकको प्रमुख कार्यकारी अधिकृतको जिम्मेवारी लिँदा गर्व र दायित्वबोध दुवै महशुस भएको बताए ।

आफ्नो कार्यकालमा बैंकको सन्तुलित व्यापार विस्तार, थप सुदृढ ग्राहक सेवा र सुविधाहरु, नयां र सुरक्षित प्रविधियुक्त बैंकिङ्ग सेवा प्रदान गर्दै लगानीकर्तालाई उचित प्रतिफलका साथै बजारमा बैंकको सम्मानजनक उपस्थितीलाई अझ मजवुत बनाउदै लैजाने प्रतिवद्दता व्यक्त गरे ।

# समाज डेन्टल हस्पीटल र प्रभु बैंकबीच विशेष छुट सम्झौता



काठमाडौं- काठमाण्डौ महानगरपालिका, वडा नं ३१, बानेश्वर स्थित समाज डेन्टल हस्पीटल प्रा.लि. र प्रभु बैंक लिमिटेड बीच बैंकका ग्राहक तथा कर्मचारीहरुलाई समाज डेन्टल हस्पीटल प्रा.लि. को सेवा सुविधामा विशेष छुट प्रदान गर्ने सम्झौता भएको छ ।

समाज डेण्टल हस्पिटल र प्रभु बैंक लि. बिच ग्राहकहरुलाई लक्षित गरी दन्त स्वास्थ्यमा सहुलियत प्रदान गर्ने सम्झौता भएको छ । प्रभु बैंकका कर्मचारी र कर्मचारीका परीवारजन तथा ग्राहकहरुले क्रमश १५% र १०% छुट, समाज डेण्टल हस्पिटलका सम्पूर्ण शाखाहरुमा यो सेवा प्राप्त गर्न सक्नेछन् ।

उक्त सम्झौता, समाज डेण्टल हस्पिटलका निर्देशक श्रेया पाँडे र प्रभु बैंक लि.का बागमती प्रदेश प्रमुख सुदेश कुमार देवकोटाको संयुक्त हस्ताक्षर बिच सम्पन्न भयो ।

त्यसैगरी, ग्राहकहरुको रोजाईको अग्रणी बैंकको रुपमा रहेको तथा हालसालै “बैंक अफ द इयर २०२३” को उपाधिबाट सम्मानित प्रभु बैंकका नेपालभर ३१५ शाखा कार्यालयहरु, २८६ एटीएम साथै ६९ एक्सटेन्सन काउन्टर मार्फत करिब ३५ लाख भन्दा बढि ग्राहकहरुलाई ‘बिश्वास लिन्छौं, विश्वास दिन्छौं’ भन्ने मुल नाराका साथमा बैंकिङ एवं वित्तीय सेवा प्रवाह गरिरहेको प्रभु बैंकले अत्याधुनिक प्रविधि मार्फत गुणस्तरीय सेवा प्रवाह गर्दै प्रतिस्पर्धी रुपमा अगाडि बढिरहेको छ ।

साथै, छोटो समयको अन्तरालमानै फिनाकल ईन्फोसिस ईनोभेसन गोल्ड-२०२४ अवार्डबाट सम्मानित भएको छ ।

# प्रभु बैंक र बुद्व एयरबीच छुट सम्झौता



काठमाडौं- प्रभु बैंकका कर्मचारी तथा ग्राहकवर्गहरुलाई बुद्व एयर को सेवामा विशेष छुट दिने सम्झौता भएको छ ।

एक समारोहका बिच सम्पन्न सम्झौतामा प्रभु बैंकका तर्फबाट चिफ म्यानेजर मन्जय राज पाण्डे र बजार व्यवस्थापक दिना चित्रकार तथा बुद्व एयरको तर्फबाट डाइरेक्टर रुपेश जोशी र सिनियर म्यानेजर उद्वव लाल कायस्थद्धारा हस्ताक्षर गरियो ।

सम्झौता अनुसार प्रभु बैंक लि.का कर्मचारी तथा ग्राहकवर्गहरुले बैंकसँगको आबद्धता प्रमाणका आधारमा बुद्व एयरको उपलब्ध सेवामा ८% छुट प्राप्त गर्न सक्ने बैंकले जनाएको छ ।

बुद्व एयरले आफ्ना टिकट बिक्री काउन्टरबाट टिकट खरिद गर्दा उक्त छुटको व्यवस्था गरेको छ । मिति २०५३ साल बैशाख ११ गते स्विकृति प्राप्त गरी २०५४ आश्विन २५ गतेबाट उडान सुरु गरेको बुद्व एयरले हाल आएर आन्तरिक उडानको साथ साथै भारतको बनारस सम्म पनि आफ्नो सेवा विस्तार गरेको छ ।

ग्राहकहरुको रोजाईमा अग्रणी बैंकको रुपमा रहेको तथा हालसालै “बैंक अफ द इयर २०२३” को उपाधिबाट सम्मानित प्रभु बैंकका नेपालभर ३१५ शाखा कार्यालयहरु, २८६ एटीएम साथै ६९ एक्सटेन्सन काउन्टर मार्फत करिब ३१ लाख भन्दा बढि ग्राहकहरुलाई ‘बिश्वास लिन्छौं, विश्वास दिन्छौं’ भन्ने मुल नाराका साथमा बैंकिङ एवं वित्तीय सेवा प्रवाह गरिरहेको प्रभु बैंकले अत्याधुनिक प्रविधि मार्फत गुणस्तरीय सेवा प्रवाह गर्दै प्रतिस्पर्धी रुपमा अगाडि बढिरहेको छ साथै,लण्डन स्थित दि फाईनान्सियल टाईम्सले बैंक अफ दि ईयर-२०२३ बाट सम्मानित प्रभु बैंक, छोटो समयको अन्तरालमानै फिनाकल ईन्फोसिस ईनोभेसन गोल्ड-२०२४ अवार्डबाट सम्मानित भएको छ ।

# पर्सामा चार सय ६८ हेक्टर वन अतिक्रमणमा: जनशक्ति नहुँदा अनुगमन गर्न समस्या



**वीरगञ्ज-** पर्सा जिल्लामा चार सय ६८ हेक्टर वनक्षेत्र अतिक्रमणको चपेटामा परेको छ । जिल्लाका साझेदारी, सामुदायिक र धार्मिक वन क्षेत्रमा स्थानीयवासीले खेतीपाती तथा घरटहरा निर्माण गरेका छन् ।

डिभिजन वन कार्यालयका प्रमुख सुनिलकुमार कर्णले पर्साभरिका चार सय ६८ हेक्टर क्षेत्रफल वनक्षेत्र अतिक्रमणमा परेको जानकारी दिए । "स्थानीयवासीले साझेदारी तथा धार्मिक वनलाई कब्जा गरेर खेतीपाती तथा घरटहरा निर्माण गरेर बसिरहेका छन्", उनले भने, "वन अतिक्रमण गर्ने स्थानीयवासीलाई राजनीतिक दलले पनि अघोषित रूपमा समर्थन गर्ने परिपाटीले पनि वनजङ्गल जोगाउन समस्या भइरहेको छ। अतिक्रमणमा परेको वन हटाउन जाँदा राजनीतिक तवरबाटै प्रतिरक्षा गर्ने गलत परम्पराको विकास भइरहेको छ।"

डिभिजन वन कार्यालयका अनुसार पर्सामा चार सय ६८ दशमलव एक सय ४९ हेक्टर वनक्षेत्र अतिक्रमणमा परेको छ। ठोरी गाउँपालिका वराह नजिकै रहेको वन दुई सय दशमलव ७० हेक्टर अतिक्रमणमा परेको छ। यो पर्साको सबैभन्दा धेरै अतिक्रमणमा परेको वनक्षेत्र हो ।

त्यसैगरी, गादीमाई साझेदारी वनक्षेत्र एक सय ६७ दशमलव ६८ हेक्टर, मधुवन क्षेत्रको वन ३२ दशमलव ४७ हेक्टर स्थानीयवासीले कब्जामा लिएका छन् । सखुँवापसौनी साझेदारी वन ३३ दशमलव २० हेक्टर, सबैया साझेदारी वन २२ दशमलव २३ हेक्टर क्षेत्रफल अतिक्रमणमा परेको छ । त्यस्तै, विन्ध्वासिनी साझेदारी वन १२ दशमलव ०६ हेक्टर अतिक्रमणमा परेको कार्यालयले जनाएको छ। कार्यालय प्रमुख कर्णले जिल्लाभरिमा अतिक्रमणमा परेको वनमा करिब एक हजार पाँच सयको हाराहारीमा घरटहरा निर्माण भएको बताए ।

"कार्यालयसँग पर्याप्त जनशक्ति नहुँदा पनि नियमित अनुगमन र सुपरीवेक्षण गर्न सकिरहेका छैनौं", उनले भने, "बेलाबखतमा स्थानीय प्रशासनसँग समन्वयमा अतिक्रमणमा परेको वनलाई फिर्ता ल्याउने प्रयास भइरहेको छ ।" डिभिजन वन कार्यालयमा कुल एक सयजना कर्मचारीको दरबन्दी भए पनि अहिले ५९ जनामात्र कार्यरत छन्। जसले गर्दा पनि नियमित रूपमा वन अनुगनम र निरीक्षण गर्न समस्या भइरहेको छ।

पर्सामा ११ हजार पाँच सय ७५ हेक्टर वनक्षेत्र छ। पर्सामा चारवटा सामुदायिक वन र तीनवटा साझेदारी वन रहेका छन् । साझेदारी वन ११ हजार चार सय नौ दशमलव १४ हेक्टरमा फैलिएको छभने धार्मिक वन ३४ दशमलव ६३ हेक्टर क्षेत्रफलमा रहेको छ । निजी वन एक सय १० हेक्टर, राष्ट्रिय वन सात दशमलव ५१ हेक्टर क्षेत्रफलमा फैलिएको छ । वनमा साल, खयर, मसला, टिक, सिमल, सिसो, जामुनलगायत प्रजातिका रुख छन् ।

# जनै पूर्णिमाले पारस्परिक भ्रातृत्व, प्रेम र सहयोगको भावनालाई उत्प्रेरित गर्छ : उपराष्ट्रपति

काठमाडौं- उपराष्ट्रपति रामसहायप्रसाद यादवले परापूर्वकालदेखि मनाइँदै आएको पौराणिक, धार्मिक एवं सांस्कृतिक पर्व रक्षाबन्धन, जनैपूर्णिमा (ऋषितर्पणी), गुँःपुन्हिको उपलक्ष्यमा देश तथा विदेशमा रहेका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवं उत्तोत्तर प्रगतिको कामना गर्दै शुभकामना व्यक्त गरेका छन् ।

"यो पर्व भूगोल, क्षेत्र र समुदायगत रुपमा फरक-फरक नामले मनाइए पनि यसको उद्देश्य पारस्परिक भ्रातृत्वभाव, प्रेमभाव, स्नेहभाव, सौहार्दभाव, अपनत्वभाव र सहयोग भाव उत्प्रेरित गर्नु नै हो", उपराष्ट्रपतिको सन्देशमा भनिएको छ ।



उनले तराई-मधेसमा मधेसीलगायतका समुदायले रक्षाबन्धनलाई राखी त्योहारका रुपमा मनाउने गरेको उल्लेख गरेका छन् । साथै मधेसी संस्कृतिमा भाइ-बहिनीको अमर प्रेमको प्रतीकका रुपमा मनाइने पर्वहरुमा राखी, भैयादूज (भ्रातृद्वितीया)लगायत रहेको उनले शुभकामना सन्देशमा भनेका छन् ।

लोकपर्वकै रुपमा स्थापित राखी पर्वमा दिदीबहिनीले दाजुभाइलाई नाडींमा रक्षासूत्र (रिखीडोरो) वा राखी बाँध्ने र त्यसो गर्नुको मूल उद्देश्य-भाइको सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवं उत्तोत्तर प्रगतिको कामना गर्नु तथा दिदीबहिनीको रक्षा गर्नु रहेको उनको भनाइ छ ।

"वैदिक सनातन वर्णाश्रम धर्म मान्नेहरु अर्थात् जनै लगाउनुपर्नेहरुले श्रावण पूर्णिमामा पुरानो जनै (यज्ञोपवीत) फेर्ने गर्छन् । यो पर्वमा गुरु र पुरोहितहरुले मन्त्र साधना गरी भयबाट रक्षा हुने धागो बाँधिदिने चलन छ। खासगरी, ब्राह्मणले धागोमा रक्षामन्त्रले साधना गरी सर्वसाधारणमा पुरुष भए दाहिने नाडीं र स्त्री भए देब्रे नाडींमा डोरो बाँधिदिने गर्दछन् । यो पर्व सप्तऋषि एवं पूर्वजहरुको पूजा तथा तर्पण दिनका लागि पनि महत्वपूर्ण मानिन्छ", शुभकामना सन्देशमा भनिएको छ ।

नेपालका नेवार समुदायले यो पर्वलाई 'गुँःपुन्हि'को रुपमा मनाउँछन् । यो समुदायमा गुँःपुन्हिमा नौ किसिमका गेडागुडीको क्वाँटी पकाएर, गहुँको पीठोको रोटी पोलेर देवदेवीलाई चढाई परिवारका सदस्यहरु मिलेर खाने चलन छ।

यस अवसरमा जीवनमा प्रत्यक्षरअप्रत्यक्ष सहयोग गर्ने सबै प्राणी/वस्तुलाई तिनको सदासयता सम्झी पूजा गर्ने चलन पनि छ। यस अवसरमा विभिन्न कुण्डहरुमा जात्रा र मेलाको परम्परा रही आएको छ।

# स्वच्छ वातावरणमा विद्यालय सञ्चालन गर्न काठमाडौँ महानगरको आग्रह



काठमाडौं महानगरपालिका
यें महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वागमती प्रदेश, काठमाडौं, नेपाल

पत्र संख्याः- २०८१/०८२ (शिक्षा विभाग)
चलानी नं.:- १२२
मिति ...२०८१/०४/३२...
११४४ गुँलाथ्व एकादशी

विषयः स्वच्छ वातावरणमा विद्यालय सञ्चालन सम्बन्धमा ।

श्री सबै विद्यालय,
काठमाडौं महानगरपालिका ।

प्रस्तुत विषयमा, नेपाल सरकार, मन्त्रीपरिषद्को मिति २०६८/०२/११ गतेको निर्णयानुसार विद्यालयलाई शान्ति क्षेत्र घोषणा गरी विद्यालयलाई दलगत राजनीति तथा अन्य हस्तक्षेपबाट मुक्त राख्ने उद्देश्यले विद्यालय शान्ति क्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका, २०६८ कार्यान्वयनमा रहेको व्यहोरा सर्वविदितै छ । केही विद्यालयमा अनाधिकृत व्यक्तिहरू प्रवेश गरी विद्यालयको शिक्षण सिकाइ क्रियाकलापमा असर पर्ने कार्यहरू गरे/गराएको जानकारी हुन आएकाले अनाधिकृत व्यक्ति/समूहहरुलाई विद्यालय परिसरभित्र प्रवेश नदिन र स्वच्छ वातावरणमा अध्ययन अध्यापन कार्य सूचारू गर्न सम्बन्धित सबैमा अनुरोध छ । यदि अनाधिकृत व्यक्ति तथा समूहले बलपूर्वक प्रवेश गर्न प्रयास गरेमा त्यस्ता कार्यलाई रोक्न महानगरपालिकाको सहजीकरण आवश्यक देखिए महानगर प्रहरीबलका प्रहरी उपरीक्षक बिष्णु जोशी (सम्पर्क नं ९८५१०६८५२३)लाई सम्पर्क गर्नुहुनसमेत अनुरोध छ ।

(गोविन्दप्रसाद शर्मा)
शिक्षा अधिकारी




काठमाडौं- काठमाडौँ महानगरपालिकाले स्वच्छ वातावरणमा विद्यालय सञ्चालन गर्न आफू मातहतका विद्यालयलाई निर्देशन दिएको छ। विद्यालयलाई दलगत राजनीति तथा अन्य हस्तक्षेपबाट मुक्त राख्ने उद्देश्यले विद्यालय शान्ति क्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका, २०६८ कार्यान्वयनमा रहेको स्मरण गराउँदै महानगरले यस्तो आग्रह गरेको हो ।

'केही विद्यालयमा अनधिकृत व्यक्तिहरू प्रवेश गरी विद्यालयको शिक्षण सिकाइ क्रियाकलापमा असर पर्ने कार्यहरू गरेको जानकारी हुन आएकाले अनधिकृत व्यक्ति वा समूहहरूलाई विद्यालय परिसरभित्र प्रवेश नदिन र स्वच्छ वातावरणमा अध्ययन अध्यापन कार्य सुचारु गर्न सम्बन्धित सबैमा अनुरोध छ', महानगरले एक सूचनामार्फत भनेको छ ।

यदि अनधिकृत व्यक्ति तथा समूहले बलपूर्वक प्रवेश गर्न प्रयास गरेमा त्यस्ता कार्यलाई रोक्न महानगरपालिकाको सहजीकरण आवश्यक देखिए महानगर प्रहरी बललाई सम्पर्क गर्न समेत महानगरले आग्रह गरेको छ ।

# खेलकुद

## धारा नेपालगञ्ज म्याराथनको दशक उत्सव २२ मंसिरमा




काठमाडौं- निरन्तरताको दसौं वर्षगाँठ मनाउने क्रममा धारा नेपालगन्ज म्याराथनको १० औं संस्करण आउँदो २२ मंसिर, २०८१ शनिबार आयोजना हुने भएको छ । म्याराथन आयोजक क्रियटिभ ह्याण्ड्सको बोर्ड बैठकले दसौं संस्करणको मिति तय गरेको हो ।

सरकारले बृहत राष्ट्रिय खेलकुदको मिति तय गरेसागै काउन्ट डाउन सुरु गरिसकेको हुँदा नेपालगन्ज म्याराथनको मिति केही पछाडि सारिएको हो ।

नेपाल सरकार र तत्कालीन विद्रोही नेकपा माओवादीबीच विस्तृत शान्ति सम्झौता भएको दिन ५ मंसिर २०६३ को स्मरणमा हरेक वर्ष मंसिरको पहिलो शनिबार हुँदै आएको नेपालगन्ज म्याराथन यस वर्ष मंसिर २२ गते शनिबार हुनेछ ।

दशक लामो सशस्त्र द्वन्द्व विधिवत अन्त्य भई देशले शान्ति, विकास र समृद्धिको बाटोमा यात्रा तय गरेको दिनको स्मरण गर्दै ५ मंसिरमा नेपालगन्जको बीपी चोक र कोहलपुर चौराहामा दीप प्रज्वलन गरिँदैआएको छ ।

क्रियटिभ ह्याण्ड्सको आयोजना एवं क्रियटिभ गन्ज मिडिया एण्ड इभेन्ट म्यानेजमेन्टको व्यवस्थापन रहेको दसौं धारा नेपालगन्ज म्याराथनका लागि २०८१ भदौ १ देखि खेलाडी दर्ता खुला गरिएको छ ।

प्रतियोगितामा पुरुषतर्फ म्याराथन (४२.१९५ किमी), महिलातर्फ हाफ म्याराथन (२१ किमी), ५ किमी स्कुलस्तरीय छात्र एवं छात्रा, किड्स रन (८देखि १२ वर्ष उमेर समूह), ५ किमी कर्पोरेट रन, ५ किमी ट्राइसाइकल र ५ किमी वाकाथन समावेश गरिएको छ । स्कुलस्तरीय दौडलाई बाँके जिल्ला तथा बाह्य जिल्ला गरी अलग अलग स्पर्धा गराइ पुरस्कृत गरिनेछ। त्यसैगरी, बाँके जिल्लाका हकमा कक्षा ६ देखि ८ तथा ९ देखि १२ सम्मको अलग अलग दौड (५किमी) सञ्चालन गरिनेछ ।

म्याराथनका क्रममा दुई दिने नेपालगन्ज कनक्लेभ र एक्स्पो आयोजना गरिने छ। साथै केही दौडसम्बन्धि फ्रतियोगिता र अतिरिक्त त्रियाकलापका कार्यक्रम समेत सञ्चालन गरिनेछ। एक दशकको यात्रा मनाउने क्रममा दश विभिन्न कार्यक्रम आयोजना गरिने तयारी छ। यसका बारेमा चाँडै कार्यत्रम सार्वजनिक गरिनेछ।

नेपालगन्ज उपमहानगरपालिकाको गेटबाट सुरु भई कोहलपुर नगरपालिकादेखि चार किलोमिटर उत्तर बानियाभार पुगेर सोही रुट भइ सुरुवाती बिन्दुमा पुगेपछि म्याराथन कोर्स पुरा हुन्छ। नेपालगन्ज म्याराथनको टाइटल स्पोन्सर प्रतिष्ठित व्यवसायिक ब्राण्ड केएल दुगड ग्रुपको उत्पादन धारा तेल रहेको छ।

## टोनी सरूवाको तयारीमा




काठमाडौं- आइभन टोनीबिनाको ब्रेन्टफोर्डले आइतबार प्रिमियर लिगमा क्रिस्टल प्यालेसमाथि २-१ को विजय हात पार्‍यो। ब्रायन एमबेउमो र योएने बिसाले ब्रेन्टफोर्डबाट गोल गरे ।

इंग्ल्यान्डका अन्तर्राष्ट्रिय स्ट्राइकर टोनीलाई ब्रेन्टफोर्डको टोलीमा राखिएको थिएन र खेल यसैमा केन्द्रित रह्यो। ब्रेन्टफोडसँग टोनीको सम्झौता एक वर्ष मात्र बाँकी रहेको अवस्थामा उनी साउदी जाने चर्चा रहेको छ। ब्रेन्टफोर्डका प्रशिक्षक थोमस फ्रान्कले पनि सरुवाको विषय आएकाले टोनीलाई टोलीमा नराखिएको जनाए। टोनीबिना पनि ब्रेन्टफोर्ड सक्षम रहेको उनको दाबी थियो ।

'टोनीको विषयलाई लिएर धेरै प्रक्रियाहरू अगाडि बढाइएको छ, विशेष गरी उनको सरुवाको विषयमा धेरैको चासो छ,' फ्रान्कले भने, 'त्यही कारण हामीले उनलाई टोलीमा समावेश गरेका थिएनौं।'

प्यालेसको कप्तानी मार्क गुइहीले गरेका थिए, जो आफैं न्युक्यासल जाने चर्चाले घेरिएका छन्। शनिबार राति भएको खेलमा एस्टन भिल्लाले वेस्ट ह्यामलाई २-१ ले पराजित गरेको थियो।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- ५, २०८१ साल भदौ ४ गते मंगलबार (Aug 20, 2024)

# लोप हुँदैछ जनै बनाउने सीप



नवलपरासी- पछिल्लो समय गाउँघरमा जनै बनाउने प्रचलन हराउँदै जाँदा बाह्य उत्पादनको भर पर्नुपर्ने अवस्था सृजना भएको छ ।

युवापुस्ताले जनै बनाउन चासो नदिँदा तथा सुलभ मूल्यमा बजारमा किन्न पाइँदा जनै बनाउनेक्रम हराउँदै गएको बर्दघाट सुस्तापूर्व कावासोती-६ का शालिकराम न्यौपानेले बताए । 'अधिकांश युवा वैदेशिक रोजगारीमा गएकाले पनि जनै बनाउने सीप नहुँदा हिजोआज यो क्रम हराउँदै गएको पाइन्छ', उनले भने, 'सहजता र आधुनिकताले पनि धेरै परम्परा र मौलिक सीप लोप हुँदै गएका छन् ।'

केही वर्ष अगाडिसम्म जनै बनाएर आफन्तलाई पनि दिने गरेको भए तापनि पछिल्लो समय बजारबाट खरिद गरी प्रयोग गर्ने गरेको कावासोती-१७ का धनपति अधिकारीले बताए । 'पछिल्लो समय युवाले नियमित जनै लगाउनै छाडे', उनले भने, 'अहिलेका छोरानातिले जनै लगाएर के हुन्छ भनेर उल्टै आफ्नो रीतिरिवाज भुल्न थालेका छन् । यो चिन्ताको विषय हो ।'

गाउँमा अहिले जनै बाट्नै छाडिसकेको अधिकारीले बताए । जनैपूर्णिमाका लागि बजारबाट मेसिनले बाटेको जनै खरिद गरेर ल्याएको उनले बताए ।

बजारमा विदेशबाट आयातित र विभिन्न मेसिन तथा उपकरण प्रयोगबाट बनाइएका जनै फरक-फरक मूल्यमा उपलब्ध हुने गरेका छन् । नयाँ जनै फेर्नुपर्ने हिन्दू संस्कारमा रहिआएको मान्यताअनुसार जनैपूर्णिमाका लागि जनैको कारोबार पनि धेरै हुने गरेको पाइन्छ ।

विगत वर्षहरूमा गाउँघरमा ब्राह्मण तथा क्षेत्री समुदायका व्यक्तिहरूले एक महिना अघिदेखि नै जनै बाट्न सुरु गर्ने गरेको र त्यो नै उत्कृष्ट जनै रहने गरेको पण्डित बुद्धिसागर भण्डारी बताउँछन् । 'आफ्नै हातले धागो सङ्ल्याएर, कतुवामा बाटेको जनै नै राम्रो हो, हिजोआज मेसिनको प्रयोगबाट जनै लगाउनु बाध्यता भइसक्यो', उनले भने, 'भारतबाट आउने जनै निकै सस्तो हुन्छ, तर त्यसको बनावट राम्रो र उपयुक्त हुँदैन ।'

पछिल्लो समय हिन्दू धर्मावलम्बीको पवित्र पर्वका रूपमा मनाइने जनपूर्णिमाको महत्त्व नयाँ पुस्ताले बिर्सँदै गएको पण्डित भण्डारीले गुनासो गरे । 'रक्षाबन्धनका दिन नजिकैको धार्मिक मठमन्दिरमा गएर विधिपूर्वक पूजाआजा गर्नुपर्ने भए तापनि बजारमा भित्रिएका जनै र धागोलाई प्रयोग गर्न थालिएको छ', उनले भने, 'आधुनिकताका नाममा र युवापुस्ता व्यस्त रहने हुँदा संस्कृति लोप हुने अवस्थातिर पुग्ने हो कि भन्ने चिन्ता थपिएको छ ।' शास्त्रीय मान्यताअनुसार विशेषगरी तागाधारी (ब्राह्मण, क्षेत्री, वैश्य) वर्गले वर्ष दिन वेद पढ्नुपर्ने र त्यसको साङ्गे (समाप्ति)को दिनका रूपमा जनैपूर्णिमालाई लिइने पण्डित भण्डारीले बताए ।

यस दिन स्नान गरी सप्तऋषिसहित ब्रह्मा, विष्णु, महेश्वरको पूजा गरी जनै मन्तरेर त्यसलाई धारण गर्ने प्रचलन छ । ठाउँठाउँमा पुरोहितले विधि पुर्‍याएर पूजा गरेको जनै र रक्षाबन्धन धारण गर्नुपर्ने उनले बताए ।

जनैपूर्णिमा (रक्षाबन्धन)का दिन इष्टमित्रसँग जनै लगाउने र रक्षाबन्धन बाँध्नाले शत्रुबाट रक्षा हुने जनविश्वास रहिआएको छ । 'तागाधारीले कश्यप, अत्रि, भारद्वाज, गौतम, जमदग्नि, विश्वामित्र र अरुन्धतीसहित सप्तऋषिलाई तर्पण दिने भएकाले जनपूर्णिमालाई ऋषितर्पणी पनि भन्ने गरिएको छ', उनले भने, 'हिन्दू धर्मावलम्बीले यस पूर्णिमाको दिन नजिकैको तीर्थस्थलमा गई मन्त्रोच्चारण गरी विधिपूर्वक पूजाआजा गरेर घरमा लगेको जनै र रक्षाबन्धन लगाएर जनैपूर्णिमा पर्व मनाउने परम्परा रहिआएको छ ।'

पृष्ठ १ बाट जारी

## जनआकाश...

साप्ताहिकमा लेख, रचना पठाइ उत्कृष्ट हुनेहरुलाई र जन आकाश टिभी युटुब च्यानलमा गीत, कविता, गजल, प्रशारणमा भाग लिइ उत्कृष्ट प्रस्तुती दिने प्रतिभा तथा नवप्रतिभाहरुलाई कदरपत्रले सम्मानित गरिएको थियो ।

कार्यक्रममा प्रमुख अतिथिको मन्तव्य व्यक्त गर्ने क्रममा उपसभामुख इन्दिरा रानामगरले संघर्षबाट खारिएर अघि बढेका सम्पादक मोहन कार्कीद्वारा लेखिएको 'कृपज' (कृषि,पर्यटन र जलविद्युतले) समग्रतामा विकास निर्माणका लागि स्पष्ट निर्देश गरेकोमा खुशी व्यक्त गर्दै कृति सफलकको शुभकामना व्यक्त गरिन् ।

उनले भनिन् ''म आफै पनि सानो छँदा दुःख गरेरै अघि बढेको बताउँदै अहिले पनि सामाजिक क्षेत्रमै बालबालिकाको लागि काम गरेर आएको व्यक्ति हुँ । कतिपय बालबालिकाको आमा बाबुकै टुङ्गो नलागेका कोहीका बाबु-आमा जेल परेका पिडितहरु छन्, तीनिहरुलाई बिभिन्न ठाउँबाट सहयोग जुटाएर शिक्षा,दिक्षा दिईरहेको छु, र उनिहरुलाई एउटै परिवार जस्तो गरी बुबा-आमा, दाजु-भाइ दिदी बहिनी जसरी पालन पोषण गरी हुर्काइरहेको उल्लेख गर्दै हाल स्कुल सञ्चालन गरिरहेको बताइन् । म पनि सानो हुँदा दुःख नै गरेर आएको हुनाले यस्ता सघर्षहरुलाई बुझेको छु भन्दै सञ्चार क्षेत्र निष्पक्ष र सन्तुलित हुन नसकेको वर्तमान अवस्थामा जनआकाशले निष्पक्ष पत्रकारिताको धर्म निर्वाह गरेकोमा प्रशंसा गर्दै आफू १६औं वार्षिकोत्सवका अवसरमा समेत आएर शुभकामना दिन पाएको र यसपाली पनि त्यो संयोग जुरेकोमा खुशी व्यक्त गरिन् । जनआकाश साप्ताहिकद्वारा आयोजित उक्त समारोहमा उनले लोकतान्त्रिक मुलुकमा नागरिक अधिकार संरक्षण गर्न सञ्चार क्षेत्र राज्यका सबै निकायको प्रभावबाट मुक्त भएर तटस्थ हुनुपर्नेमा जोड दिईन् । साथै समाजमा भएका सत्यतथ्य घटनालाई सञ्चारकर्मीले ऐनाको रुपमा जस्ताकोत्यस्तै देखिने गरी भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिइन् ।

उक्त अवसरमा मोहन कार्कीद्वारा लिखित 'कृपज' माथि समिक्षात्मक टिप्पणी गर्दै दामोदर ढकाल (दीपक)ले विद्रोह संघर्ष र लगनशीलताका परिचायकका रुपमा पहिचान स्थापित गरेका मोहन कार्की राष्ट्र निर्माणका संवाहकका रुपमा स्थापित भएको बताउँदै यो देशका योजनाविद तथा राजनैतिक नेतृत्वले मोहन कार्कीद्वारा लेखिएको 'कृपज' कृषि पर्यटन र जलविद्युतका क्षेत्रमा इमान्दारीका साथ लागू गर्ने हो भने देश विकासका लागि लामो समय कुर्न नपर्ने बताए । उनले 'कृपज' विकासको लागि सुत्रात्मक कृति रहेको उल्लेख गर्दै कृति सफलताको शुभकामना ब्यक्त गर्दै सवैले कृति पढ्नुपर्नेमा जोड दिएका छन् । 'कृपज' शब्द देश विसका आधार हो भनेर शब्दकोषमा अटाएर लेखक कार्कीलाई न्याय गर्न अनुरोध गरेका थिए ।

सो अवसरमा विशेष अतिथिका रुपमा आएका नेपाल राष्ट्रिय व्यवसायी महासंघका कुमार कार्कीले विचौलियाहरुको अन्त नभईकन देशको विकास गर्न नसकिने धारण राखेका थिए । त्यसै गरी पर्यटन विज्ञ खुम बहादुर सुवेदीले शुभकामना दिदै भने पर्यटन क्षेत्रको बृहत्तर विकासको लागि पर्यटनको समुचित विकास गर्नुपर्ने आवश्यकता औल्याएका थिए । यसैगरी विशेष अतिथिकै रुपमा आएका नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य शान्तराम विडारीले स्वदेशी र आत्मनिर्भरमुखी पत्रपत्रिकालाई जोगाउन सरकारले उपर्युक्त भूमिका खेल्नुपर्नेमा जोड दिंदै नेपालको विज्ञापन वोर्डको औचित्य नभएको भन्दै विज्ञापन वोर्डले पछिल्लो समय गरेको गलत निर्णयप्रति आक्रोश पोखेका थिए ।

समाजका बिभिन्न क्षेत्र बित्तिय, साहित्य,पत्रकारिता बहुआयामिक प्रतिभा लगायत लोकबिधा,सुसेली,साहित्य लगायत,समाजसेवी समेत गरि समाजमा विशिष्ट योगदान दिएका विभिन्न विधाका व्यक्तित्वहरु लाई सम्मान पत्र,कदर(पत्रले तथा मायाको चिनो प्रदान गरी सम्मानित गरिएको थियो । सोही अवसरमा सामाजिक र आर्थिक दुवैं क्षेत्रवाट उत्तरदायित्व निभाएको भनि सिप्रदी ट्रेडिंग प्रा.लि. लाई प्रशंसापत्रले सम्मानित गरिनुका साथै ज्योति विकास बैंकलाई बालबालिका र स्वास्थ्यको क्षेत्रमा सामाजिक उत्तरदायित्व निर्वाह गरेको भनि प्रशंसापत्रले सम्मानित गरिएको थियो । साथै सो अवसरमा वरिष्ठ साहित्यकार डा.शैलेन्दु प्रकाश नेपाल,गोरखा एक्सप्रेस साप्ताहिकका सम्पादक एवं वरिष्ठ पत्रकार राजन कार्की, बाल साहित्यकारका रुपमा प्रशिद्धि कमाएकी ललिता दोषी, युवा पत्रकार मिलन विक, लोक गायक नकुल गौतम, वरिष्ठ लोक गायिका तथा चरित्र अभेनेत्री रस्मि भट्ट, सुसेली साहित्य सम्मान तथा पुरुस्कृत दामोदर ढकाल, पप-आधुनिक गायिका रुची घिमिरे, हास्यव्यग्य कलाकार थरेन्द्र बराल, नमूना किसान तथा साहित्यकार डिल्ली प्रसाद दाहाल, साहित्यकार राजेशमान के.सी.समाजसेवी राहुल रेग्मी, लगायत विशिष्ट व्यक्तित्वहरुलाई सम्मानित गरिएको थियो ।

त्यसैगरी समाजिक उत्तरदाइत्व बहन गरेको र राष्ट्रलाई इमानदारका साथ धेरै कर तिर्ने सिप्रदी ट्रेडिङ प्रा.लि प्रशंसा पत्रले सम्मानित गरिएको थियो । त्यसैगरी ज्योति विकास बैकले बालबालिकाको क्षेत्रमा वर्थिङ उपकारण अस्पताललाई सहयोग गरेर झण्डै ९०० बालबालिकालाई सेवा गरेको भनेर प्रशंसा पत्रले सम्मानित गरेको थियो ।

कदर-पत्रले सम्मानित हुने स्रष्टाहरु

चन्द्रा न्यौपाने, हरिहर पाण्डे, विनोद कार्की, इनिश बुढाथोकी, रामकृष्ण थापा, जन आकाश मिडियामा जोडिएका कलाकारहरु

एमुना बि.सी, पूर्ण सम्योग, मिन बाहादुर बिश्वकर्मा, सिताराम घिमिरे, दुर्गा बिराई, मनराज भण्डारी, रन्जना मगर, निर्मला नेपाली, आर्के साही, बिक्रम कार्की, सुमन सिंह, खड्क चेपाङ, सुनिल नेपाली, बिष्णु कुवँर, मिन प्रकाश ओली, यानम सुन्दास, भिमा कार्की, महेश मुखिया सुनुवार, विवेक खड्का, राधिका धामी, रेजिना खड्का, निर्मला बस्नेत, प्रिन्स घतानी, नकुल गौ तम, इन्दिरा खड्का, बिनोद श्रेष्ठ, लिया खड्का, भगवती खड्का, सम्झाना साही, किरण श्रीपाली, गुन्जन सिंह् मोतिराज खनाल, सिताराम परियार, सुवास खड्का, रविन भुसाल, राजन अधिकारी, रितु बस्नेत, बिरेन मालाकार, ध्वज मगर, महेश सुनाम, बिनोद सुन्दास, सारमण श्री ल्वागुन, मनिस घिसिङ्, राजु सिङ (डेन्जर दादा), राजेन्द्र राई, युवराज कार्की, आर्के गैरे, सुमन बिटी, सरिता बिश्वकर्म, दिपेन्द्र बि.सी, कल्पना मल्ल, खेम माया तामाङ, मनिसा रनपाल, बिशाल भुजेल, राजेन्द्र गिरी (जादुकर गुन्द्रके), प्रदिप कुमार रसाइली, सुनिल थापा, दिपदर्शन कुँवर, मन्जरी खनाल, अमीर लामा, जप्रेल उर्मी क्षेत्री, संगम लामीछाने लगायत रहेका थिए ।

अन्त्यमा सभाध्यक्ष मोहन कार्कीले योग्य तथा अग्रज स्रष्टाको सम्मान गर्ने अवसर पाउँदा आफू र संस्थासमेत सम्मानित भएको धारणा व्यक्त गदै विशिष्ट व्यक्तित्वहरुलाई सम्मान पत्र,कदर(पत्र तथा मयाको चिनो प्रदान गरी सम्मानित गर्न पाउँदा अत्यंत हर्ष लागेको बताउँदै कार्यक्रमलाई सफल बनाउन उपस्थित हुनुभएका सम्पूर्ण अतिथिहिरुप्रति हार्दिक आभार व्यक्त गरे ।

भने सोही अवसरमा साहित्यकार दुर्गा अधिकारी 'भमरकोटे'कवि द्वारिका कुइँकेल,एली खड्का,सानू शर्मा, लगायतले रचना वाचन गरेका थिए । कार्यक्रममा स्वागत मन्तव्य जन आकाश मिडियाका पत्रकार विनोद कार्कीले गरेका थिए । कार्यक्रमको सञ्चालन रामेछाप सांस्कृतिक कालकार समाजका सचिव नकुल गौतमले सहजरुपमा गरेका थिए ।

जनआकाश मिडियाले प्रत्येक वर्ष यसैगरी जनआकाश साप्ताहिकको स्थापना दिवश पारेर कार्यक्रम गर्दै आएको छ भने धेरैभन्दा धेरै युवा पुस्ताहरुलाई प्रोत्साहन गरेर देशको हितमा काम गर्न र नेपालको विकास गर्न नयाँ खोजी गर्ने अभियान गरीरहेको छ ।

जनआकाश मिडया अर्न्तगत हाल जनआकाश साप्ताहिक प्रकाशनमा गरेको छ । जन आकाश पत्रिकाले प्रत्येक मंगलवार देशका साहित्यकाररुको लेख र समसामयिक विषय वस्तु समेटेका समाजरा बजारमा ल्याईरहेको छ । janaakash .com सञ्चालनमा रहेको छ । jana Aakash tv युटुव च्यानल सञ्चालमा रहेको छ । उक्त च्यानलवाट चर्चित संगीत खबर कार्यक्रम प्रशारण हुदै आएको छ । त्यसको अलवा समसामयिक विषयका घटना रिर्पोट हेर्न पाइन्छ ।

# अन्तराष्ट्रिय

## रूसमा दोस्रो पुल ध्वस्त पारेको युक्रेनको दाबी



मस्को- रुसको कुर्स्क क्षेत्रमा आफ्नो आक्रमण जारी राखेको युक्रेनले दोस्रो रणनीतिक पुल ध्वस्त बनाएको जानकारी दिएको छ । युक्रेनको सेनाले आइतबार पुल ध्वस्त बनाएको भिडियो सार्वजनिक गरेको हो ।


सो पुल ज्भानोईको सेयम नदीमा बनेको दाबी गरिएको छ । युक्रेनी राष्ट्रपति भ्लोदोमिर जेलेन्स्कीले रुसी आक्रमणलाई विफल पार्न बफर जोन निर्माण गर्ने लक्ष्य रहेको जानकारी दिए ।

सन् २०२२ मा रुसले युक्रेनमाथि सैन्य कारबाही सुरु गरे यता युक्रेनले रुसमा अहिलेसम्मकै ठुलो कारबाही गरिरहेको छ । यो कारबाही विगत दुई हप्तादेखि जारी रहेको छ ।

यसअघि युक्रेनले सेयम नदीमा बनेको अर्को पुल पनि ध्वस्त बनाएको थियो । सो पुल ग्लुसकोभोमा रहेको थियो । उक्त पुललाई रुसी सेनाले प्रयोग गर्ने गरेको दाबी गरिएको छ ।

## ट्रम्प भन्छन् : 'ह्यारिसभन्दा मै राम्रो'

पेन्सिलभानिया – अमेरिकामा आगामी नोभेम्बर ५ मा हुने राष्ट्रपतीय चुनाव हुँदैछ । दोस्रो राष्ट्रपतीय कार्यकाल ताकेका अमेरिकी पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पले पछिल्ला दिनमा चुनावी अभियान तीव्र पारेका छन् । चुनावी अभियानका क्रममा ट्रम्पले शनिबार पेन्सिलभानियाको विल्क्स ब्यारीमा एक र्‍यालीलाई सम्बोधन गरेका छन् । त्यसक्रममा उनले उपराष्ट्रपति तथा राष्ट्रपतिकी प्रत्यासी कमला ह्यारिसभन्दा आफू 'राम्रो रहेको' बताएका छन् ।




ट्रम्पले टाइम म्यागेजिनको 'स्केच' उल्लेख गर्दै भनेका छन्, 'उनीभन्दा म निकै राम्रो देखिन्छु ।' र्‍यालीलाई सम्बोधन गर्ने क्रममा पूर्वराष्ट्रपति ट्रम्पले ह्यारिसको अर्थतन्त्रको योजना र राष्ट्रपति जो बाइडेनको पनि चर्को आलोचना गरे । राष्ट्रपतिको पक्षमा समाचार सम्प्रेषण गरेको भन्दै ट्रम्पले मिडियालाई पनि अरोप लगाए ।

## युक्रेनी आक्रमणमा रूसी इन्धन केन्द्रमा आगलागी



मस्को – दक्षिणी रुसको रोस्तोभ क्षेत्रमा युक्रेनले आइतबार ड्रोन आक्रमणमा गरेको छ । आक्रमणका कारण एउटा तेल भण्डारण केन्द्रमा भीषण आगलागी भएको रोस्तोभ क्षेत्रका गर्भनरले जनाएका छन् ।

आक्रमणपछि प्रोलेतार्स्क सहरमा बाक्लो कालो धूवाँ र आगोको मुस्लो फैलिएको सामाजिक सञ्जालमा सार्वजनिक भिडियोमा देखिन्छ । 'रोस्तोभको दक्षिणपूर्वमा हवाई सुरक्षा इकाइले एउटा ड्रोन आक्रमण विफल बनाएको छ । तर त्यो ड्रोन प्रोलेतार्स्क औद्योगिक भण्डार केन्द्रमा खसेपछि डिजेल इन्धनमा आगो लागेको हो,' गभर्नर भासिली गेलबेभले सामाजिक सञ्जाल टेलिग्राममा भनेका छन् । उनका अनुसार आक्रमणमा कुनै मानवीय क्षति भने भएको छैन ।

रुसी रक्षा मन्त्रालयले रातभरमा पाँच युक्रेनी ड्रोन खसालेको जनाएको छ । मन्त्रालयका अनुसार ती ड्रोनमध्ये दुई वटा रोस्तोभ क्षेत्रमा खसेका हुन् । प्रोलेतार्स्क युक्रेनी सीमाबाट करिब दुई सय ५० किलोमिटर टाढा छ । प्रोलेतार्स्कको करिब तीन सय ५० किलोमिटर टाढाको सीमाक्षेत्रमा हाल युक्रेन र रुसी सेनाबीच लडाईं जारी छ ।

रुसले सन् २०२२ फेब्रुअरीमा युक्रेनमाथि आक्रमण सुरू गरेयता युक्रेनी फौजले रुसी तेल र ग्यास भण्डारण केन्द्रलाई निशाना बनाएको छ । यसअघि युक्रेनी राष्ट्रपति भ्लोदिमर जेलेन्स्कीले रुसी इन्धन केन्द्रहरूमा आक्रमण गरेकामा युक्रेनी सेनाको प्रशंसा गरेका थिए । पछिल्लो समय युक्रेनले रुसको कुर्स्क क्षेत्रमा आक्रमण गरेको छ । कुर्स्क क्षेत्रमा ८० भन्दा धेरै बस्ती नियन्त्रणमा लिएको युक्रेनी सेनाको दाबी छ ।

## सुसेली



### चन्द्रा न्यौपाने

सकलमाझ
जनआकाश मिडिया
रम्दै छ आज ।

गर्दै विमर्श
सत्रौं वार्षिकोत्सव
आहा ! यो हर्ष ।

कृति 'कृपज'
लोकार्पण भो आज
भव्यतामाझ ।

मान प्रोमोको
संगीत खबरको
उद्घाटन भो ।

जनआकाश
दिनदिन सर्वत्र
बन्दै छ खास ।

'कृपज' कृति
छ है महत्त्वपूर्ण
मिलोस् स्वीकृति ।

जलविद्युत
कृषि र पर्यटन
बनून् अद्भुत ।

हाम्रो यो आश
कार्यान्वयन भई
बनोस् विश्वास ।

कार्की मोहन
संघर्षशील व्यक्ति
आहा ! महान ।

पुगोस् चाहना
स्रष्टा एवम् संस्थामा
शुभकामना !!!

# प्राञ्जल न्यौपानेको अभिनयमा "कन्या कुमारी" गीत सार्वजनिक

काठमाडौं- चितवन जिल्लामा जन्मेका मोडेल प्राञ्जल न्यौपाने पछिल्लो समय निकै चर्चामा आएका छन् ।

दुई बर्ष जापनको बसाइँपछि मोडि्लङ क्षेत्रमा फर्किएका प्राञ्जलको फस्ट गीत "डबल बेड" थियो । सोही गीत दर्शक स्रोताको अपार माया पाउन सफल भयो अनि उनको मोडि्लङ क्षेत्र सुरु भयो । सानै उमेरदेखि कलाकारिता क्षेत्रमा रुची भएका प्राञ्जल गाउन,नाच्न भनेपछि हुरुकै हुनेगर्थे,कलाकारिता क्षेत्रका रंगीन सपना देख्ने गर्थे, उनको स्वभाव लजालु, कम बोल्ने, हासि रहने थियो । उनै मोड्ल सानैदेखि भाग्यललाई भन्दा कर्मलाई बिश्वास गर्ने गर्थे । बिगत केही समयदेखी कलाकारिता क्षेत्रमा लागेका प्रजल डान्स सिकेर मोडि्लङ क्षेत्रमा लागेका हुन् ।

पछिल्लो समय प्राञ्जलको जुन गीत बजारमा आयो तेहि गीत दर्शक स्रोताले निकै रुचाइदिएका छन् "डबल बेड" , गीतबाट मोडि्लङ यात्रा सुरु गरी चर्चामा आएका प्राञ्जल अहिले म्युजिक भिडियोको सुटिङमा निकै व्यस्थ देखिन्छन् । हिजो भखरै उनको अभिनय रहेको "कन्या कुमारी" बोलको गीत (इक्च म्ध्नष्तर्बा) युटुब च्यानलबाट बजारमा सार्वजनिक भएको छ ।



उक्त गीतमा कृष्ण भट्टराईको स्वर रहेको छ, भने डीपी खनालको शब्द,राम सिटौलाको संगीत रहेको छ। गीतमा अभिषेक कोइरालाको कोरियोग्राफी र जस बहादुर याखाको भिडियो निर्देशन रहेको गीतमा प्राञ्जल न्यौपाने र बिमला खजुम लिम्बुको अभिनय आकर्षक रुपमा देख्न सकिन्छ ।

उनको लुक्सलाई हेरेर पछिल्लो समय प्राञ्जललाई दर्शकले चकलेटी मोड्ल भनेर पनि चिन्ने गर्दछन् । जसरी "डबल बेड" गीत धेरै दर्शकहरुले रुचाइदिएका थिए । त्यसरी नै "कन्या कुमारी" बोलको गीतलाई पनि दर्शकले निकै रुचाइदिएका छन् । अहिले "कन्या कुमारी" बोलको गीत छोटो समयमै दर्शकको माया पाउदै टिकटक, फेसबुकका पेजहरुमा निकै चर्चामा आएको छ ।

# चलचित्र आँखा असोज ११ गतेबाट हलहरूमा लाग्दै




काठमाडौं- सामाजिक विषयवस्तुमा निर्माण भएको चलचित्र 'आँखा' असोज ११ गतेबाट प्रदर्शनमा आउने भएको छ । निर्माण टीमले नयाँ पोष्टर सार्वजनिक गर्दै नयाँ प्रदर्शन मिति घोषणा गरेको छ । लामा सिनेमाको प्रस्तुतिमा तयार भएको सिनेमालाई जोन योंजनले लेखन तथा निर्देशन गरेका हुन् ।

चलचित्रमा स्मिता लामिछाने, आर के मेहता, निशा अधिकारी, बुद्धि तामाङ, विजय बराल, सरोज खनाल, पशुपति राई, कृष्णभक्त महर्जन, राजन खतिवडा, प्रविण खतिवडा, लुनिभा तुलाधर, रविन्द्र झा, रेनुका कार्की, अभयराज बराल, मोहन अभिलाषी लगायत थुप्रै कलाकारहरुले अभिनय गरेका छन् । बाल कलाकारको भुमिकामा प्रसन राई रहेका छन् । राईले चलचित्र गाउँ आएको बाटोमा समेत मुख्य भुमिका निर्वाह गरेका थिए ।

चलचित्रको पोष्टर र मुख्य भुमिकामा स्मिता लामिछाने र आर के मेहता देखिन्छन् । लामिछानेले यसअघि बाह्र सत्ताईस, म राजेश हमाल लगायतका थुप्रै चलचित्रहरुमा अभिनय गरिसकेकी छिन् भने आर के मेहता यसै चलचित्रमार्फत् डेब्यु गर्दैछन् । उनले यो चलचित्रको लागि १५ किलो वजन घटाएका थिए ।

रंगमञ्चमा लामो समय सक्रिय मेहताले शिल्पी थिएटरमा जेसिमो बेटा भर्सन, कोमा, माझिपा लाखे, नारी, के लाग्यो हाल्का ले, एल्लो कमेडी जस्ता थुप्रै नाटकहरु गरेका थिए । उनी 'हारजित' 'वीच', 'जिउँदो आकाश' नाटकका अभिनेता तथा निर्देशक पनि हुन् । उनले इटालीमा एकडेमिया डेल् आर्तेमा फिजिकल थिएटरको डिप्लोमा गरेर त्यही प्रशिक्षण पनि दिएका थिए ।

इटालीमा पनि उनले धेरै प्रदर्शनहरू गर्नुका साथै नेपालको मण्डला थिएटर, कान्तिपुर फिल्म एकेडेमी, एनएफडीसी, पिफिटमा पनि ओकर्सप दिएका थिए ।

चलचित्रलाई जौन योंजन आफैले निर्माण गरेका छन् । सहनिर्माताका रुपमा रेनुका कार्की रहेकी छिन् । ढाका टोपी फिल्मस्, कार्यक्रम नेपाल, साइलेन्ट एक्ट र ट्राइडेन्ट कन्सेप्टको सहकार्यमा तयार भएको चलचित्र 'आँखा'को छायांकन आलोक शुक्लाले गरेका हुन् ।

मानवता, सामाजिक दबाब, नैतिक र गरिबी जस्ता विभिन्न जटिल विषयवस्तुहरू अन्वेषण हुन जरुरी छन् । यो फिल्म आधुनिक समाजमा तल्लो वर्गको संघर्ष र बाँच्नका लागि मानिसहरू समयको कति लामो गहिराईसम्म जान्छन् भन्ने मार्मिक दृष्टिकोण भएको निर्देशक बताउँछन् ।

दुःख एक्लोपन जत्तिकै भयानक र त्रासपूर्ण हुन्छ, यहि परिधि भित्रको रमाइलो कथा 'आँखा' हो। निर्देशक योंजनले यसअघि बाह्र सत्ताईस र म राजेश हमाल निर्देशन गरिसकेका छन् । चलचित्र बाह्र सत्ताईस प्रदर्शन भएर पनि युट्युबमा आईसकेको छ भने म राजेश हमाल प्रदर्शनको तयारीमा रहेको छ । उनी नयाँ चलचित्र रोल नं. १ को निर्माणको तयारीमा लागेका छन् ।

# 'देवी' ट्रेलर : बलात्कारको घटनामा कानुनले पार्ने प्रभावको कथा

तीज विदाको अवसर पारेर यही भदौ २१ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'देवी'को ट्रेलर सार्वजनिक गरिएको छ । आइतबार काठमाडौंमा एक कार्यक्रमबीच सार्वजनिक करिब ३ मिनेट लम्बाईको ट्रेलरले फिल्मको कथावस्तुबारे जानकारी दिन्छ । बलात्कारजस्तो जघन्य अपराधको घटनामा कानुनले पार्ने प्रभाव र त्यसले निम्त्याउने परिणामलाई ट्रेलरमा देखाउन खोजिएको छ ।

अभिनेत्री शिल्पा मास्के पत्रकारको भूमिकामा छिन्। उनलाई बलात्कारको घटनामा अनुसन्धान गरेर रिपोर्ट बनाउनुपर्ने जिम्मेवारी मिल्छ। तर, प्रहरीले छानविन गरिरहेको व्यक्तिको बारेमा उनले रिपोर्टिङ गरेपछि त्यो व्यक्तिको श्रृंखलाबद्ध रुपमा हत्या हुन्छ । पछि उनी आफैंमाथि आक्रमण भएको देखाइएको छ । फिल्मले मूलतः शिल्पाको पात्रमार्फत् कथा भनेको ट्रेलरबाट बुझ्न सकिन्छ ।

सञ्जोग राईको निर्देशनमा बनेको फिल्ममा गौरव पहारी, नाजिर हुसेन, टीका पहारी, ध्रुब कोइराला, विशाल पहारी, निरिक्षा घतानी, प्रभाकर न्यौपाने, निरु खड्का, जीवनजंग खड्का लगायतको पनि अभिनय छ। गौरव प्रहरीको भूमिकामा छन् । जोएल फ्रोमको छायांकन रहेको फिल्मको पटकथा लेखनमा निर्देशक राईलाई अजय गौतमले सघाएका छन् । फिल्ममा सन्जेन थापाको द्वन्द्व छ ।



ट्रेलर सार्वजनिक कार्यक्रममा निर्देशक राईले आफू व्यावसायिक फोटोग्राफर भए पनि बच्चादेखिको सपना पूरा गर्न फिल्म निर्देशन गरेको बताए । आफूले सामाजिक न्यायका लागि यस्तो कथामा फिल्म बनाएको पनि उनको भनाई थियो । फिल्मकी निर्मात्री समेत रहेकी अभिनेत्री मास्केले नेपाली समाजलाई सचेत बनाउने र सन्देश प्रवाह गर्ने फिल्मको हिस्सा बन्न पाएकोमा खुशी व्यक्त गरिन् ।

एक्जिबिट स्टुडियोले 'कबड्डी' निर्माण कम्पनी बाँसुरी फिल्मससँग सहकार्य गरेको फिल्ममा रेमन गुरुङ, नारायण राई र सञ्जोग राई निर्मातामा छन् भने जावेद खान कार्यकारी निर्माता हुन् । त्यस्तै, सह-निर्मातामा शिल्पा मास्के, उजेन नोर्वे गुरुङ र मिलन लामा छन् । बाँसुरी फिल्म्सका अध्यक्ष तथा निर्देशक रामबाबु गुरुङले 'देवी' जस्तो फिल्ममा सहकार्य गर्न पाएकोमा खुसी व्यक्त गरेका थिए ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- ५, २०८१ साल भदौ ४ गते मंगलबार (Aug 20, 2024)

# जनआकाश साप्ताहिकको १७ औं वार्षिककोत्सवका झलकहरु
















## विपद व्यवस्थापनमा सहयोगी बनौं

- विपदले आपतकालीन अवस्था सिर्जना गर्न सक्छ,
- विपदमा धनजनको क्षतिका साथै जीवनयापनमा प्रतिकूल असर पर्न सक्छ,
- विपदबाट प्रभावितको जीवनरक्षाका लागि सहयोग गरौं,
- भौगोलिक र मौसमी अवस्थाको प्राप्त सूचनाबाट विपदको बारेमा सचेत रहौं,
- भ्रमपूर्ण सूचनाबाट सजग रहौं,
- विपद परेमा स्थानीय तह वा स्थानीय प्रशासनलाई जानकारी गराऔं,
- विपद प्रभावितलाई सुरक्षित स्थानमा लैजाऔं,
- विपदको अवस्थामा आवश्यक पर्ने दैनिक उपभोग्य वस्तुको सञ्चय गरौं,
- बालबालिका, जेष्ठ नागरिक र विशेष अवस्थाका मानिसलाई विशेष हेरविचार र संरक्षण गरौं,
- उद्दार, राहत, पुर्नस्थापना, पुनर्लाभ सहभागी बनौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक : मोहन कार्की (९८५१0८७१५६)सम्पादक : ईन्दिरा धमला, कमप्युटर जनआकास डेस्ककटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस बागबजार